# सामुदायिक इ-बुलेटिन

'दिगो र सुरक्षित'
सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.
पनौती ४, टौखाल, काभ्रेपलाञ्चोक

"Secure &Sustainable"
samudayik
Saving & Credit Co-operative Society Ltd.
Panauti 4, Taukhal, Kavrepalanchowk

वर्ष: १ अंक: ५ प्रकाशित मिति: २०८२ माघ १४


## अध्यक्षको भनाई



मुकुन्द शर्मा

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. काभ्रेपलाञ्चोकको ३२औं स्थापना दिवस तथा तेस्रो एकीकरण दिवसको यस गौरवमय क्षणमा म सम्पूर्ण शेयर सदस्यज्यूहरू, अग्रज सहकारी अभियन्ताहरू, कर्मचारी साथीहरू तथा शुभेच्छुक महानुभावहरू प्रति हृदयदेखि नै नमन र आभार प्रकट गर्न चाहन्छु ।

वि.सं. २०५१ माघ १४ गते त्यो दिन आज पनि हाम्रो स्मृतिमा ताजा छ । केवल ४१ जना सपना बोकेका सदस्य र रु. ३२,५०० को सानो पूँजीबाट टौखाल गा.वि.स. को १ र २ नं. वडा कार्यक्षेत्रबाट शुरू भएको यस संस्थाको यात्रा आज ६ अर्ब ८ करोड रुपैयाँभन्दा बढीको कारोबार, ६१५४० भन्दा बढी सदस्य, ६ वटा जिल्ला कार्यक्षेत्र र मुख्य कार्यालय सहित १८ वटा सेवा केन्द्र सम्म विस्तार भएको छ । यो संख्याको कथा मात्र होइन, यो विश्वास, इमान्दारी, परिश्रम र सामूहिकताको इतिहास हो । आजको दिनमा म यो संस्थाको विजारोपण गर्ने ४१ जना संस्थापक सदस्यहरु र यस संस्थासँग एकीकरण हुने १७ वटै सहकारी संस्था स्थापना गर्ने संस्थापकहरुलाई हार्दिक नमन गर्दै आभार व्यक्त गर्दछु । यो संस्था स्थापना भएको कारणले आज १२५ जना कर्मचारीले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् र ६१,५०० शेयर सदस्यहरुले यस संस्थाको माध्यमबाट वित्तीय परिपूर्ति गर्न पाएका छन् । यो आज राज्यको वा समुदायको एउटा ठूलो वित्तीय कारोबार गर्ने थलोको रुपमा परिचित भएको छ । समयको मागअनुसार अघि बढ्दै १८ वटा संस्थाहरू एकीकरण भई एउटै "सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि." को पहिचानमा एक ढिक्का हुनु हाम्रो दूरदृष्टि, एकता र सहकारी चेतनाको प्रतिफल हो । यसै यात्राको अन्तर्राष्ट्रिय कदर स्वरूप एसियाली ऋण महासंघ (ACCU) बाट प्राप्त ACCESS Silver Brand ले हामीलाई अझ जिम्मेवार र दृढ बनाएको छ ।

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. केवल बचत र ऋणको कारोबार गर्ने संस्था मात्र होइन, यो सदस्यको सुख-दु:खमा साथ दिने संस्था हो । सदस्यका छोराछोरी जन्मिँदा भोटो र खुत्रुके सहित स्वागत, गम्भीर रोग लाग्दा रु. १५,००० सम्म उपचार सहयोग, बिरामी हुँदा वार्षिक रु. १५,००० सम्म नि:शुल्क औषधि उपचार, नेपाल रेडक्रसद्वारा वार्षिक २ प्याकेटसम्म नि:शुल्क रगत, अस्पताल तथा क्लिनिकहरूमा छुट सुविधा, विपद र महामारीमा सहुलियत ऋण तथा राहत, तथा सदस्यको निधनमा रु. २५,००० देखि दुर्घटनामा रु. ५०,००० सम्मको सहयोग, सदस्यको परिवारिक मृत्यु राहतका लागि रु. १०,००० सम्म यी सबै सेवा सामुदायिक भावनाको जीवित प्रमाण हुन् ।

आज संस्थामा १२५ जना समर्पित कर्मचारी तथा सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, उपसमिति र सेवा केन्द्र व्यवस्थापन उपसमिति सहित १७५ जनाको विशाल टिम दिनरात सदस्य सेवामा जुटिरहेको छ । पनौती, बनेपा र गङ्गाघरमा संस्थाको आफ्नै निजी भवनबाट सेवा दिन सक्नु संस्थाको स्थायित्व र विश्वसनीयताको स्तम्भ हो ।

बचत र ऋणसँगै पशु बीमा, जीवन बीमा, वित्तीय साक्षरता कार्यक्रम, स्वास्थ्य शिविर, पशु स्वास्थ्य शिविर, दन्त शिविर, आँखा शिविर तथा रक्तदान कार्यक्रम मार्फत हामी समुदायको जीवनस्तर उकास्न निरन्तर प्रयासरत छौं । सदस्यहरुलाई वित्तीय साक्षरता, डिजिटल प्रविधि साक्षरता, कृषि तथा पशुपालन, सहकारी शिक्षा र व्यवसायिक तालिमहरुको माध्यमबाट सदस्यहरुलाई स्व:रोजगार बनाउन र उत्पादन वृद्धि गर्न संस्थाको वार्षिक कार्ययोजना बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

नेतृत्वको मोर्चामा पनि सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले सहकारी अभियानलाई दिशानिर्देश गरिरहेको छ । काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघ लि. को सचिव पदमा प्रकाश बञ्जारा (संस्थाका सल्लाहकार तथा निवर्तमान अध्यक्ष), काभ्रेपलाञ्चोक जिल्ला बचत संघमा उदयराम कायस्थ अध्यक्ष पदमा (संस्थाका सल्लाहकार), बागमती प्रदेश सहकारी संघ लि.का कोषाध्यक्ष पदमा शम्भुलाल श्रेष्ठ (संस्थाका संस्थापक अध्यक्ष), तथा महामञ्जुश्री विशिष्टिकृत संघमा मुकुन्द प्रसाद दाहाल अध्यक्ष पदमा (संस्थाका सल्लाहकार) नेतृत्व गर्दै उहाँहरुको मेहेनत र योगदानले यस संस्था मात्र होइन, सम्पूर्ण सहकारी अभियानलाई बलियो र जिवन्त बनाएको छ । यस संस्थाको ३२ औं स्थापना दिवस तथा तेस्रो एकीकरण दिवसको अवसरमा यस संस्था र यस संस्थासँग एकीकरण भए १७ वटै संस्थाका संस्थापक सदस्यज्यूहरु, पूर्व सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति, पूर्व कर्मचारी लगायत सम्पूर्ण शेयर सदस्य महानुभावहरु प्रति यस संस्थालाई यो उचाईमा पुऱ्याउन खेल्नु भएको महत्वपूर्ण योगदानको उच्च मुल्यांकन गर्दै हार्दिक आभार व्यक्त गर्दछु ।

यसैबीच, राष्ट्रिय सहकारी दिवस २०८१ को अवसरमा राष्ट्रिय सहकारी महासंघबाट बागमती प्रदेशकै उत्कृष्ट संस्थाका रूपमा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. सम्मानित हुन पाउनु हाम्रो सामूहिक मेहनतको उच्च कदर हो । यस ऐतिहासिक उपलब्धिमा सम्पूर्ण सेयर सदस्य, कर्मचारी तथा शुभेच्छुकप्रति हार्दिक बधाई व्यक्त गर्दै महासंघप्रति गहिरो कृतज्ञता प्रकट गर्दछु।

अन्त्यमा, सामुदायिक बचत तथा ऋण सहकारी संस्था कुनै एक व्यक्ति वा कार्यकालको परिणाम होइन । यो हिजोका सपना, आजको मेहनत र भोलिको आशाको निरन्तर यात्रा हो । हामी सबैको एकता, विश्वास र सहभागिताले यो संस्था अझ मजबुत, अझ उत्तरदायी र अझ मानवीय बन्दै जानेछ भन्ने दृढ विश्वास व्यक्त गर्दछु ।

जय सहकारी ! जय सामुदायिक !

# परिचय, वस्तु तथा सेवाहरु

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. साविक टौखाल देवीस्थान गा.वि.स.वडा नं १ र २ का ४१ जना समाजसेवी युवाहरुको अगुवाईमा साहु महाजनको चर्को ब्याजबाट मुक्त गर्दै समुदायका सदस्यहरुलाई उनीहरुको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि गरी समृद्धितर्फ उन्मुख गराउने उद्देश्यले तत्कालिन सहकारी ऐन २०४८ अन्तर्गत २०५१ साल माघ १४ गते स्थापना भई फागुन २८ गते जिल्ला सहकारी कार्यालय धुलिखेलमा द.नं. १५४-०५१/०५२ मा दर्ता भई सञ्चालनमा आएको यस संस्थाको तत्कालिन कार्यक्षेत्र साविक टौखाल देविस्थान गा.वि.स. वडा नं. १ र २ रहेको थियो । हाल यस संस्थाको कार्यक्षेत्र काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, काठमाडौ, सिन्धुली र मकवानपुर जिल्ला रहेको छ । मुख्य कार्यालय पनौती नगरपालिका वडा नं. ४ मा टौखालमा रहेको यस संस्थाको ३१ औं वर्षको यात्रामा विभिन्न उतारचढावहरु पार गर्दै सदस्य तथा समुदायमा संस्थाले प्रदान गरेको सहकारी सेवाहरुको कदर स्वरुप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्मान तथा पुरस्कारहरु समेत प्राप्त गरी उत्कृष्ट संस्थाको रुपमा आफ्नो परिचय कायम गराउन सफल रहेको छ ।

२०८२ असोज मसान्तसम्म संस्थाको कुल सदस्य संख्या ६१,०१४ र कुल सम्पत्ती ६,११,३८,५३,७०५.८३ रहेको छ । संस्थाले सदस्यहरुलाई मुख्य कार्यालय सहित १८ वटा कार्यालय मार्फत संस्थाका वस्तु तथा सेवाहरु प्रदान गरीरहेको छ ।

### संस्थाका वस्तु तथा सेवाहरु

वित्तीय सेवाहरु : ३.५% देखि ९.७% ब्याजदर कायम भएका २० प्रकारका बचत शीर्षकका बचत तथा ९.९% देखि १२.७५ % सम्मका १९ शिर्षकहरुमा ऋण लगानी गर्दै आएको छ । वस्तु तथा सेवा अन्तर्गत वित्तीय सेवाहरुलाई समायानुकूल र प्रतिस्पर्धी रुपमा प्रदान गर्ने उद्देश्यका साथ नियमित बजार र प्रतिस्पर्धी सहकारी संस्थाहरुको दर र वित्तीय अवस्थाहरुलाई विश्लेषण गरी ब्याजदर परिमार्जन गरीदै आएको छ । ४१ ओटा विप्रेषण (Remittance) सेवा प्रदायक कम्पनीहरुले प्रदान गर्दै आएका विप्रेषणको सेवा संस्था मार्फत प्रदान गर्दै आइरहको छ ।**प्रविधिमैत्री वित्तीय सेवाहरु:**

आधुनिक प्रविधिको प्रयोगलाई अधिकतम प्राथमिकतामा राखि उपलब्ध नविनतम र उपयोगी वित्तीय प्रविधिमा आधारित आधुनिक सेवाहरु सदस्यलाई प्रदान गर्दै आएको छ ।

एटिएम सेवा: एटिएम सेवा अन्तर्गत SCT Network को एटिएम कार्ड सदस्यहरुलाई प्रदान गरी एटिएम सेवा प्रदान गरीरहेको छ । संस्थाको एटिएम कार्ड SCT र VISA दुबै खालका एटिएम नेटवर्कका मेसिनमा प्रयोग गरी नेपाल, भारत लगायतका देशहरुमा समेत सेवा लिन सकिन्छ ।

**क्युआर सेवा** : संस्थाले व्यापार व्यवसाय गर्ने सदस्यहरुलाई लक्षित गरी क्युआर सेवा प्रदान गर्दै आएको छ । यस सेवा लिने सदस्यहरुलाई संस्थाले सम्वन्धित सदस्यको खातामा रकम जम्मा हुने गरी QR Stand प्रदान गर्दछ । सो QR Stand मार्फत भुक्तानी प्राप्त भएको रकम सदस्यको तोकिएको खातामा जम्मा हुने गर्दछ । पसल व्यापार व्यवसाय गर्ने सदस्यहरुको लागि यो सेवा प्रभावकारी रहेको छ । यसको लागि व्यवसाय दर्ता (व्यवसायको प्यान नं.) वा सिमित रकम कारोवारको लागि सदस्यको मोबाइल नं. र व्यक्तिगत प्यान नं. बाट पनि सेवा लिन सकिन्छ ।

**मोबाइल बैकिङ (स्मार्ट बैकिङ) सेवा:**

सामुदायिक स्मार्ट बैकिङ एप्लिकेशन मार्फत स्मार्ट मोबाईल बैंकिङ सेवा प्रदान गरिएको छ । यो एप्लिकेशन प्रयोग गरी आफ्नो खातामा रहेको रकमहरुको जानकारी लिन, रकमान्तर गर्न, युटिलिटी बिल्स पेमेन्ट अर्थात बिजुली, पानी, फोन, इन्टरनेट लगायतको बिल तिर्न, टि.भी. तथा मोबाइल रिचार्ज गर्न, प्जबतिष, भ(क्भधब लगायत वालेटहरुमा रकम पठाउन तथा जुन सुकै बैंकको खातामा रकम पठाउन सकिन्छ । यस सेवा प्राप्त गर्नको लागि तोकिएको ढाँचाको फारम मार्फत निवेदन र शुल्क भुक्तानी गरी सेवा लिन सकिन्छ ।

**सदस्य केन्द्रित सेवाहरु:**

सदस्यहरुको सेवामा बचत तथा ऋणको कारोबार मात्र नभई सदस्यहरुको जीवनशैलीमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने जन्मदेखि मृत्युसम्मका हरेक सुख-दुखमा संस्थाको साथ र सहयोग रहनुपर्छ भन्ने अभिप्रायले सदस्य केन्द्रित सेवाहरु प्रदान गर्दै आएको छ ।

**सुत्केरी भेटघाट कार्यक्रम तथा खुत्रुके र भोटो उपहार कार्यक्रम:** सदस्यहरुको नवजात शिशुको जन्म हुँदा भोटो र खुत्रुके सहित सुत्केरी भेटघाट गर्ने गरीन्छ । खुत्रुके मार्फत बालबालिकाहरुलाई बचत गर्ने बानी बसाल्ने अभिप्रायका साथ कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

**उत्कृष्ट एस.ई.ई. सम्मान कार्यक्रम :** संस्थाको स्थापना दिवसको अवसरमा एस.ई.ई. परीक्षामा सम्मिलित संस्थाका सदस्यहरुका छोरा छोरीहरु मध्ये उत्कृष्ट अंक हासिल गरी एस.ई.ई. उत्तीर्ण गर्ने छात्र छात्राहरुलाई सम्मान तथा पुरस्कार वितरण गरिदै आएको छ । यसका लागि संस्थाले सूचना प्रकाशित गरी माग गरेको आवेदन भरी प्राप्त भएका आवेदनहरु मध्यबाट उत्कृष्ट अंक हासिल गरेका छात्र छात्राहरुलाई छनौट गरी सम्मान गरिदै आएको छ ।

**वार्षिक छात्रवृत्ति:** संस्थाको स्थापना दिवसको अवसरमा संस्थाका सदस्यहरु मध्ये उत्कृष्ट अंक सहित एस.ई.ई. उत्तीर्ण भई उच्च शिक्षा अध्ययन गर्ने छात्र छात्रालाई संस्थाले सम्मान तथा उच्च शिक्षा छात्रवृती प्रदान गर्ने गर्दछ । संस्थाले सूचना मार्फत जानकारी गराई माग गरेको आवेदन भरी प्राप्त भएका आवेदनहरु मध्यबाट उत्कृष्ट अंक हासिल गरेका छात्र छात्रालाई छनौट गरी छात्रवृती प्रदान गरिदै आएको छ ।

**सदस्य स्वास्थ्य उपचार राहत कार्यक्रम:** संस्थामा सदस्य स्वास्थ्य राहतमा आवद्ध भएका सदस्यहरुले अस्पताल भर्ना भई उपचार गराउनु भएमा सदस्यहरुलाई वार्षिक अधिकतम रु. १५,०००।०० सम्म सदस्य स्वास्थ्य राहत उपलब्ध गराउँदै आएको छ । राहत कोषमा आवद्ध सदस्यहरुले संस्थाले

तोकेको निवेदनसँगै अस्पताल भर्ना तथा डिस्चार्जको कागजात सहित सो अवधिमा सदस्य स्वयंको तर्फबाट भुक्तानी भएको बिलहरु संलग्न गरी पेश गर्नुपर्नेछ । राहत रकमको निर्धारण राहत नीति बमोजिम सम्बन्धित सदस्यले कोषमा गरेको योगदान साथै नियमित मासिक बचतको आधारमा निर्धारण गरी प्रदान गरिदै आएको छ । यस कोषमा ६० वर्ष भन्दा कम उमेरका हरेक सदस्यले अनिवार्य रुपमा वार्षिक रु. २००।०० योगदान गर्नुपर्ने व्यवस्था गरिएको छ । कोषमा योगदान गरेको ३ महिना पुरा भएको हुनु पर्नेछ भने उपचार गराएको बढिमा ३ महिना भित्रको बिलमात्र राहतको लागि मान्य हुनेछ । यस कोषमा प्रवेश उमेर ६० वर्ष भित्रका सदस्यहरु मात्र सहभागी हुने पाईनेछ ।

**जटिल रोग उपचार राहत**: संस्थामा ६० वर्ष हुनु अगावै सदस्यता लिएका शेयर सदस्यहरुलाई जटिल रोग लागेको अवस्थामा राहत नीति बमोजीम रु. १५,०००।- उपचार राहत स्वरुप प्रदान गरिदै आएको छ । सदस्यको एकाघर परिवारको सदस्यलाई जटिल रोग लागेमा रु. ५,०००।- राहत स्वरुप प्रदान गरिन्छ । राहत रकम प्राप्तिका लागि जटिल रोग लागेका व्यक्ति स्वयं वा एकाघर परिवारका व्यक्तिले रोग प्रमाणित हुने कागजातका प्रतिलिपि संलग्न गरी लिखित निवेदन पेश गर्नुपर्नेछ । यस्तो सुविधा लिनका लागि निवेदकको नियमित मासिक बचत नियमित रुपमा जम्मा गरेको हुनुपर्नेछ ।

**सदस्य समवेदना राहत कार्यक्रम**: संस्थामा सदस्य हुँदा ६० वर्ष उमेर ननाघेका सदस्यहरुबाट सदस्यता लिंदा रु. ५००।- समवेदना राहत कोषमा योगदान भएको र वार्षिक रु. २००।- कोषमा योगदान गरी कोष नविकरण भएका शेयर सदस्यहरुको मृत्यु भएको १० दिन भित्र संस्थामा जानकारी प्राप्त भएमा घरमै पुगि समवेदना पत्र सहित हकवालालाई रु. २५,०००।- रकम हस्तान्तरण गरिनेछ भने दुर्घटना भई मृत्यु भएको अवस्थामा रु ५०,०००।- प्रदान गर्ने व्यवस्था रहेको छ । मृत्यु भएको १० दिन भित्र जानकारी नपाएमा सदस्यको हकवालाले आवश्यक कागजात सहित मृत्यु भएको ३ महिनाभित्र संस्थामा उक्त रकमको दावि गर्न सक्नेछ । यसका लगि संस्थाको नियमानुसार नियमित मासिक बचत नियमित रहेको हुनुपर्नेछ । मासिक बचत नियमित नभएमा वा मासिक बचत रु. ५ हजार भन्दा कम रहेको भएमा रु. ५ हजार मात्र समवेदना राहत वापत उपलब्ध गराईने व्यवस्था रहेको छ ।

**पारिवारिक समवेदना राहत कार्यक्रम**: संस्थामा समवेदना राहत कोषमा योगदान भई नियमित कोष नविकरण भएका सदस्यको एकाघर परिवारका सदस्यहरुको निधन भएमा पारिवारिक समवेदना राहत स्वरुप संस्थामा सदस्यता रहेका एकाघर परिवारको संख्याको आधारमा बढीमा रु १०,०००।- सम्म राहत प्रदान गर्ने गरिएको छ । एकजाना मात्र सदस्य रहेमा रु ५,०००।- र थप सदस्य रहेकोमा प्रति सदस्य रु १,०००।- थप गरी अधिकतम रु १०,०००।- सम्म प्रदान गरिदै आएको छ । पारिवारिक समवेदनाको लागि मृत्यू भएको बढिमा ६ महिनाभित्र मृत्यु दर्ताको प्रमाणपत्र र नाता प्रमाणितको कागजात सहित तोकिएको फारम भरि संस्थामा पेश भएपछि राहत नीति बमोजिम राहत प्राप्त गर्न सकिन्छ । संस्थाको नियमानुसारको नियमित मासिक बचत नियमित भएको हुनुपर्नेछ ।

**विपद व्यवस्थापन राहत** : भूकम्प, बाढी पहिरो, आगलागी जस्ता विपदको अवस्थामा सदस्यहरुलाई राहत प्रदान गर्ने उद्देश्यका साथ संस्थामा विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । यस कोषमा सदस्यता लिंदाको समयमा रु. २००।- योगदान हुने व्यवस्था गरिएको छ । यस कोष मार्फत विपदमा परेका सदस्यहरुलाई राहत नीति बमोजिम रु. ५ हजारसम्म राहत रकम प्रदान गर्ने व्यवस्था मिलाइएको छ । घटना भएको ३५ दिन भित्र तोकिएको फारम भरि सदस्यता प्रमाण पत्रको प्रतिलिपि, प्रकोप अवस्थाको फोटोहरु, स्थानीय निकाय, प्रहरी कार्यालय वा अन्य आधिकारीक निकायबाट घटना प्रमाणित कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

**ज्येष्ठ सदस्य सम्मान**: संस्थामा सदस्य रहनु भएका मध्ये उमेरको आधारमा ज्येष्ठ सदस्यहरुलाई संस्थाले स्थापना दिवसको अवसरमा सम्मान गर्दै आएको छ । ज्येष्ठ सदस्य सम्मानको लागि हरेक बर्ष तोकिएको उमेर समूहका सोही विधामा नदोहरिने गरी ज्येष्ठ सदस्य सम्मान गरिदै आएको छ ।

सदस्यहरुको सहजताको लागि विभिन्न संस्थाहरुसँग सहकार्य गरी, ति संस्थाहरुबाट प्रदान गरिने सेवामा सहुलियत तथा छुटको समेत व्यवस्था गरेको छ विशेष गरी स्वास्थ्य उपाचरका लागि शिर मेमोरियल अस्पताल बनेपामा संस्थाका सदस्यहरुको लागि स्वास्थ्य उपचार तथा औषधि खरिदमा छुटको व्यवस्था गरिएको छ भने बनेपा हेल्थ केयर र पाँचखाल पोलिक्लिनिकमा पनि संस्थाका सदस्यहरुलाई छुटको व्यवस्था गरिएको छ । यो सेवाका लागि संस्थाको परिचयपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

संस्थाले नेपाल रेडक्रस सोसाइटी काभ्रे शाखासँगको सहकार्यमा संस्थाका सदस्यहरुलाई वार्षिक २ प्वाइन्टसम्म रगत नि:शुल्क उपलब्ध गराउने गरी सम्झौता गरेको छ । यो सुविधा प्राप्तिका लागि संस्थाले तोकेको प्रकृया पुरा गरी संस्थाको पत्र पेश गरेपछि रक्त सञ्चार शाखा मार्फत रगत प्राप्त गर्न सकिन्छ ।

संस्थाले प्रदान गर्ने सदस्य केन्द्रित सेवाहरु प्राप्तिका लागि कम्तिमा रु. १,०००।- को शेयर सहित अनिवार्य गरिएको कोषहरुमा योगदान भएको साथै कोषहरु नविकरण भएको हुनु पर्नेछ । भने संस्थामा रु. ५००।- को दरले गनुपर्ने नियमित मासिक बचत नियमित रुपमा जम्मा भएको हुनु पर्नेछ ।

**तालिम तथा शिविरहरू**

सदस्यहरुको व्यक्तिगत तथा व्यवसायिक क्षमता अभिवृद्धिको माध्यमबाट आर्थिक सामाजिक स्तरोन्नतीको अभिप्रायका साथ सदस्य अभिमुखीकरण कार्यक्रम, शिक्षा शिविर, उत्प्रेरणात्मक तालिम, वित्तीय साक्षरता कार्यक्रम लगायत क्षमता तथा सीप अभिवृद्धि गरी आय आर्जनमा थप टेवा पुग्ने खालका सीपमूलक तथा व्यवसायिक तालिमहरु निरन्तर प्रदान गर्दै आइरहको छ । विशेष गरी सदस्यहरुको आवश्यकता र माग अनुरुपका तालिम तथा शिविरहरु सञ्चालन गरी सदस्यहरुको क्षमता अभिवृद्धिमा संस्थाले निरन्तर कार्य गरिरहेको छ ।

सामाजिक कार्य अन्तर्गत समुदाय स्तरमा समुदाय केन्द्रित स्वास्थ्य शिविरहरु र विभिन्न सामाजिक कार्यहरु साथै एकल रुपमा वा सामाजिक संघ संस्थाहरुसँगको सहकार्यमा समुदाय केन्द्रित सामाजिक कार्यहरु गर्दै समुदायप्रतिको चासो र दायित्व पनि पुरा गर्दै आइरहको छ ।

**कार्यालय समय** : संस्थाले आफ्ना सदस्यहरुलाई संस्थाको वस्तु तथा सेवा सहज रुपमा पुर्‍याउने उद्देश्यका साथ मुख्य कार्यालय लगायत सेवाकेन्द्रहरु मार्फत आइतबारदेखि शुक्रबारसम्म बिहान ९:३० बजेदेखि बेलुकी ५:३० बजेसम्म सेवा प्रदान गर्दै आएको छ भने मुख्य कार्यालय र बनेपा स्थित युवाज्योति सेवाकेन्द्र मार्फत शनिबार र सार्वजनिक बिदाको दिनमा बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म सीमित कारोवारको सुविधा प्रदान गर्दै आइरहेको छ । जाडो याममा कार्यालय समय १ घण्टा कम गरी बिहान ९:३० देखि ४:३० सम्म गरिएको छ ।

# सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभा सम्पन्न




सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि., पनौतीको ३१ औं वार्षिक साधारण सभा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारण सभा संचालन (कार्यव्यवस्था) निर्देशिका, २०७६ एवं सहकारी नियमन प्राधिकरणबाट जारी "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभा संचालन सम्बन्धमा जारी निर्देशन" को पूर्ण पालना गर्दै मिति २०८२ कार्तिक २८ र २९ गते एकाइगत रुपमा सातवटा एकाइमा सम्पन्न भएको छ । सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम यस वर्ष औपचारीक कार्यक्रमलाई प्राथमिकतामा नराखी पूर्व निर्धारीत समान कार्यसूची अनुसार साधारण सभाको पहिलो दिन बनेपा एकाइ, काठमाण्डौ एकाइ, पाँचखाल एकाइ र भकुण्डे एकाइमा र दोस्रो दिन पनौती एकाइ, कुशादेवी एकाइ र ढुंखर्क एकाइ गरी सात वटा एकाइमा ६५.८३ प्रतिशत सदस्यहरुको उपस्थितिमा साधारण सभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष मुकुन्द शर्माको सभाध्यक्षतामा संचालित पनौती एकाइ अन्तर्गत मुख्य कार्यालय पनौती ४, टौखालमा सम्पन्न साधारण सभा कार्यक्रममा संस्थापक अध्यक्ष एवं बागमती प्रदेश सहकारी संघका कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ, संस्थाका निवर्तमान अध्यक्ष एवं जिल्ला सहकारी संघ, काभ्रेपलाञ्चोकका सचिव प्रकाश बन्जारा, निर्वाचन उपसमिति संयोजक इन्द्र प्रसाद अधिकारी समेतको उपस्थितिमा संस्थाका संस्थापक अध्यक्ष शम्भुलाल श्रेष्ठ र संस्थापक सदस्य सुरथ थापाद्वारा संयुक्त रुपमा पानसमा दीप प्रज्वलन गरी साधारण सभाको शुभारम्भ गरिएको थियो । संस्थामा रिक्त रहेको लेखा सुपरिवेक्षण समितिको सदस्य ( महिला) एक पदमा उपनिर्वाचन मार्फत पनौती ६ की रन्जु सापकोटा निर्विरोध निर्वाचित भएकी छिन् ।
















## सहकारी अध्ययन अवलोकन भ्रमण

मिति २०८२ कार्तिक ३० गते श्री फिस्लिङ बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष श्री गोवर्धन अधिकारीको नेतृत्वमा पाल्नु भएका पदाधिकारी तथा सञ्चालक तथा व्यवस्थापक सहितलाई युवाज्योति सेवाकेन्द्रमा संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्मा वाग्लेले स्वागत गर्दै संस्था र संस्थाका बस्तु तथा सेवा, प्रयोग गरिरहेका प्रविधि र नीति र विधिहरुको साथै प्रदान गर्दै आएका सदस्य राहत कार्यक्रमहरु सम्वन्धमा समेत अन्तरक्रियात्मक छलफलको माध्यमबाट सहकारीको असल अभ्यास अनुभवको आदानप्रदान गरिएको थियो । कार्यक्रममा संस्थाका सचिव सरोज कुमार तिमल्सेना, सञ्चालक सदस्यहरु विकास पन्त र राम कृष्ण घिमिरेका साथै महेश्वरी सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक लक्ष्मण दाहाल समेतको सहभागीता रहेको कार्यक्रममा दुवै संस्थाको असल अभ्यास र संस्थाको क्षमता विकासका विषयमा अर्न्तक्रिया गरिएको थियो । हामी अतिथि संस्था फिस्लिङ बचत तथा ऋण सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।





## सहकारी अध्ययन अवलोकन भ्रमण





२०८२ माघ २ गते पाल्पा, रामपुरबाट अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्थाबाट यस संस्थाको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ ।संस्थाको कोषाध्यक्ष श्री कृष्ण थापा, प्रमुख कार्यकारी अधिकृत मदन बस्नेत, नायव प्रमुख कार्यकारी अधिकृत श्याम सुन्दर श्रेष्ठ र ऋण विभाग प्रमुख भक्त बहादुर समेत सहभागी भएको कार्यक्रममा संस्थाका असल अभ्यास तथा संस्थाका गतिविधिहरुको वारेमा नायव प्रमुख कार्यकारी अधिकृत श्याम सुन्दर श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो । अन्धरका मुक्ति बचत तथा ऋण सहकारी संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरु समेत सहभागी कार्यक्रममा सहकारीका असल अभ्यास आदान प्रदान गर्ने अवसर दिई सिक्ने सिकाउने अवसरका लागि अन्धकार मुक्ति साकोस प्रति यस संस्था हार्दिक कृतज्ञता प्रकट गर्दै संस्थाको व्यवसायिक सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौ ।



## समसामयिक विषयक अन्तरक्रिया कार्यक्रम

२०८२ भाद्र २३ र २४ गते भएको Gen–Z युवा समूहको प्रदर्शन तथा आन्दोलनका कारण राष्ट्रिय स्तरमा देखिएको पछिल्लो घटनाक्रम तथा परिदृश्यका कारण उत्पन्न परिस्थितिले सहकारी क्षेत्रमा पार्ने प्रभावका बिषयमा २०८२ भाद्र ३० गते संस्थाको सभाहल पनौती ४, टौखालमा संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, विषयगत उप समिति, सेवाकेन्द्र व्यवस्थापन उप समिति एंव संस्थाका उच्च व्यवस्थापन तहका कर्मचारीहरु बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । अन्तरक्रिया कार्यक्रममा संस्थाका संचालक समिति, सल्लाहकारहरु, सेवाकेन्द्र व्यवस्थापन उप समितिका संयोजकहरु एंव कर्मचारीहरुले अवका दिनमा आउन सक्ने चुनौतीका लागि तयार रहँदै जोखिम न्युनिकरणका लागि सजग हुनु पर्ने र परिवर्तन संगै अवसर पनि संगै आउने हुँदा अवसर पहिचान गरी सदुपयोग गर्न समेत तयार रहनु पर्ने धारणा व्यक्त गरिएको कार्यक्रममा संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्माको सभाध्यक्षता रहेको थियो भने कार्यक्रम संचालन संस्थाका सचिव श्री सरोज कुमार तिमल्सेनाले गर्नु भएको थियो।






## वार्षिक समीक्षा गोष्ठी सम्पन्न

मिति २०८२ श्रावण ३० गते गत आ.व ०८१।८२ को वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न भएको छ । संस्थाका श्रदेय अध्यक्ष श्री मुकुन्द शर्मा ज्यूको सभापतित्वमा सम्पन्न समीक्षा गोष्ठीमा संस्थाका सल्लाहकारहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न विषयगत उप समितिहरु, सेवाकेन्द्र व्यवस्थापन उप समितिहरु र संस्थाका उच्च व्यवस्थापन तहका कर्मचारीहरुको सहभागीता रहेको थियो । कार्यक्रममा संस्थाले उपलब्ध गराउदै आएको राहत कार्यक्रमको विषयमा संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत श्याम सुन्दर श्रेष्ठले सहभागीहरुलाई अभिमुखिकरण गर्नु भएको थियो भने संस्थाले गत आ.व ०८१।८२ को वार्षिक कार्ययोजना तथा बजेट बमोजिम कार्यक्रम संचालन गरी प्राप्त भएका प्रगतीका विषयमा संस्थाका क्लस्टर प्रमुख श्याम सुन्दर श्रेष्ठवाट पनौती क्लस्टरको, जीवन सत्यालवाट बनेपा क्लस्टरको, योग वहादुर सापकोटावाट काठमाण्डौ क्लस्टरको र विनोद सापकोटावाट पुर्वी क्लस्टरको लक्ष्य तथा प्रगतीका विषयमा समीक्षात्मक रुपमा प्रस्तुतीकरण गर्नु भएको थियो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मदन बस्नेतले संस्थाको समग्र वित्तीय तथा गैर वित्तिय लक्ष्य तथा प्राप्तीका साथै संस्थाले प्रदान गरेका अन्य सेवाहरु संस्थाको आगामी योजना तथा लक्ष्य र लक्ष्य प्राप्तीका रणनीति सम्बन्धमा समेत समीक्षात्मक विवरण प्रस्तुत गर्नु भएको थियो ।

संस्थाका संचालक समितिका सचिव श्री सरोज कुमार तिमल्सेनाले संचालन गर्नु भएको कार्यक्रममा संचालक समिति सदस्य श्री रामकृष्ण घिमिरेले स्वागत मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा काभ्रपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष एंव संस्थाका सल्लाहकार श्री उदयराम कायस्थ, काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघका सचिव एंव संस्थाका निवर्तमान अध्यक्ष श्री प्रकाश बन्जारा र संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक श्री राजन श्रेष्ठले मन्तव्य राख्दै यस्तो विषम परिस्थितिमा समेत संस्थाले आफुलाई उत्कृष्ट नतिजा सहित अडीग बनाउन सकेकोमा खुसी व्यक्त गर्दै संस्थाले आगामी बाटो परिमाणात्मक भन्दा गुणात्मक बृद्धिमा ध्यान दिदै शुद्धिकरण र शुदृढिकरणमा अझ तदारुकताका साथ लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रमका सभापती एंव संस्थाका श्रदेय अध्यक्ष श्री मुकुन्द शर्माले संस्थाको प्रगतीमा अहोरात्र खटिनुहुने समिति, सल्लाहकार, उप






समिति ,सेवाकेन्द्र व्यवस्थापन उप समिति तथा कर्मचारी व्यवस्थापन प्रति हार्दीक आभार व्यक्त गर्दै आगामी दीनमा समेत संस्थागत लक्ष्य प्राप्तीमा निरन्तर लाग्नुहुन अनुरोध गर्दै कार्यक्रम समापन गर्नु भयो ।

संस्थाको आ.व. २०८१।०८२ को अन्त्य सम्म ६०८६६ जना शेयर सदस्यहरु आबद्ध रहेका छन् । रु. ६ अर्ब १८ करोडको वासलात, ४९ करोड शेयर पुँजी, ४५ करोडको जगेडा कोष, १३ करोड अन्य कोषहरु, ४ अर्ब २७ करोड सदस्यहरुबाट निक्षेप संकलन गरी ४ अर्ब ४३ करोड ऋण लगानीमा रहेको छ भने संस्थाले ५ करोड ३२ लाख खुद नाफा आर्जन गर्न सफल भएको छ । सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशनुसार २०८२ असार मसान्तको संस्थाको पुँजीकोष ८९ करोड ९५ लाख रहेकोछ ।



## संञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारी अन्तर्क्रिया कार्यक्रम सम्पन्न



मिति २०८२ श्रावण २३ गते शुक्रवार

संस्थाको आ.व ०८२।०८३ को वार्षिक कार्ययोजना तथा बजेट अनुसार संस्थाको संञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरु विच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्माज्यूको सभाध्यक्षतामा सम्पन्न भएको अन्तर्क्रिया कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष, बागमती प्रदेश सहकारी संघका कोषाध्यक्ष एवं यस संस्थाका सल्लाहकार समेत रहनु भएका आदरणीय श्री शम्भुलाल श्रेष्ठ, लेखा सुपरिवेक्षण समितिका संयोजक श्री राजन श्रेष्ठ लगायत संचालक समिति, लेखा सुपरिवेक्षण समिति सदस्य, एवं कर्मचारीहरुको सहभागीता रहेको थियो । अन्तर्क्रियात्मक रुपमा संचालन गरिएको कार्यक्रमको संचालन संस्थाका संञ्चालक समितिका सचिव श्री सरोज कुमार तिमल्सेनाज्युले गर्नु भएको थियो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मदन बस्नेत ज्यूले सहजिकरण गर्नुभएको थियो । कार्यक्रममा आगामी लक्ष्य प्राप्तीका लागि संञ्चालक समिति तथा व्यवस्थापनका तर्फवाट रचनात्मक सल्लाह सुझावहरु आदान प्रदान गरिएको थियो ।

## बधाई तथा शुभकामना

यस संस्थाको ३१ औं वार्षिक साधारण सभावाट लेखा सुपरिवेक्षण समिति सदस्यमा निर्विरोध निर्वाचित हुनु भएकोमा श्री रन्जु सापकोटाज्यूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।



## अन्तरक्रिया कार्यक्रम:

मिति २०८२ माघ ०६ गते मंगलबार सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पनौती सेवा केन्द्र) को आयोजनामा धुलिखेल-१०, शारदा बतासे अवस्थित तहाँ रहनुभएका शेयर सदस्यहरु साथै संभावित सदस्यको उपस्थितीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । पनौती सेवा केन्द्रका प्रमुख बिमल जाकिबन्जारज्यूले संस्थाको वर्तमान अवस्था विश्लेषणात्मक जानकारी सहित संस्थाले संचालन गरेका बिभिन्न कार्यक्रम, सदस्यलाई प्रदान गरेका सेवा सुविधा र आफ्ना शेयर सदस्यज्यूहरुलाई जन्मदेखि मृत्यु सम्म साथ दिदैं आएको पनि विस्तृत रुपमा जानकारी गराउनुभएको थियो । हालको अवस्थामा किन सहकारी संस्थाहरु समस्याग्रस्त भएको साथै सामुदायिक साकोस अरु संस्थाहरु भन्दा किन अबल रहेको भन्ने विषयमा पनि जानकारी गराउनु भएको थियो । अन्तरक्रियात्मक रुपमा संचालन गरिएको उक्त कार्यक्रममा २७ जना उपस्थित सहभागिहरुले संस्थाको बारेमा जानकारी प्राप्त गरेका थिए ।

## सामुदायिक समुह पुनर्गठन तथा अन्तरक्रिया कार्यक्रम

सामुदायिक बचत तथा ऋण सहकारी सस्था लि. युवा ज्योति सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस २६ गते बनेपा १०, बिष्टगाउँमा पुलबजार सामुदायिक समुह पुनर्गठन तथा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको सभाध्यक्षता युवाज्योति सेवाकेन्द्र ब्यवस्थापन उप समिति सदस्य श्याम सुन्दर कुँवरले गर्नुभएको थियो भने युवाज्योति सेवाकेन्द्र ब्यवस्थापन उप समिति सदस्य मुक्ति बिष्टको उपस्थिति रहेको थियो । संस्थाले संचालन गरेको सामुदायिक समुहलाई पुर्नगठन गरी संस्थाको अद्यावधिक सेवाहरु तथा संस्थाले संञ्चालन गरेका सदस्य राहतका कार्यक्रमहरु, सामुदायिक राहत संचालन कार्यविधि सम्बन्धमा सदस्यहरुलाई अभिमुखिकरण गरिएको थियो । कार्यक्रममा सामुदायिक समुहमा आबद्ध २१ जना शेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।





## अन्तरक्रिया कार्यक्रम

सामुदायिक बचत तथा ऋण सहकारी सस्था लि. युवाज्योति सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस २९ गते बनेपा १०, क्युरेक्स सामुदायिक समुहमा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको सभाध्यक्षता युवाज्योति सेवाकेन्द्र ब्यवस्थापन उप समिति सदस्य श्याम सुन्दर कुँवरले गर्नुभएको थियो । कार्यक्रममा संस्थाले प्रदान गर्दै आएका बित्तीय लगायतका सेवाहरु साथै संस्थाले संञ्चालन गरेका सदस्य राहतका कार्यक्रमहरु सो प्राप्तिका लागि आवश्यक प्रकृयाहरुको विषयमा अन्तरक्रियात्मक छलफल गरिएको थियो । सदस्यहरुले विशेष गरि राहत सम्बन्धी सदस्य सेवाका विषयहरुमा जिज्ञासा राख्नु भएको कार्यक्रममा २० जना शेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।



## निःशुल्क स्वास्थ्य शिविर

मिति २०८२ मंसिर २८ गते शुक्रवार, सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को बार्षिक साधारण सभाको उपलक्ष्यमा बनेपा क्लष्टर अन्तर्गत युवाज्योती सेवाकेन्द्रको आयोजना र सुप्रिम डेन्टल क्लिनिकको प्रविधिक सहयोगमा नि:शुल्क दन्त सिविर आयोजना गरिएको थियो । संस्थाले सदस्य तथा समुदाय लक्षित कार्यक्रमहरु मार्फत समुदाय प्रतिको चासो तथा दायित्व पुरा गर्दै आएको छ यसै क्रममा साधारण सभामा उपस्थित शेयर सदस्य तथा पायक पर्ने समुदायका व्यक्तीहरुलाई लक्षित गरि आयोजना गरिएको नि:शुल्क सिविरबाट संस्थाका सदस्यहरु लगायत समुदायका १०७ जनाले लाभ लिनुभएको थियो । स्वास्थ्य सिविरमा सहभागि भै चेक जाँच गराउनु भएका मध्ये शिविरमा उपचार सम्भव नहुने खालको उपचारका लागि क्लिनिक मार्फत उपचारका लागि शतप्रतिशत सम्म छुटमा उपचार सेवाको ब्यवस्था गरिएको थियो ।





## स्वास्थ्य, पोषण सम्बन्धी अभिमुखिकरण

मिति २०८२ पौष १७ गते सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. बल्थली सेवाकेन्द्र र बल्थली वडा नं. ११ को स्वास्थ्य चौकीको संयुक्त आयोजनामा आमा तथा बच्चाहरुको स्वास्थ्य तथा पोषण विषयक सचेतनात्मक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । पनौती न.पा. वडा नं ११ का जन प्रतिनिधि श्री गिता थापाको सभाध्यक्षतामा संचालन गरिएको कार्यक्रममा संस्थाका बल्थली सेवाकेन्द्र व्यवस्थापन उप समिति सदस्य श्री कृष्ण थापा तथा श्री कालिका के.सी., वडा सचिव श्री विश्वनाथ गुरागाई सहित ५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा सस्थाका बल्थली सेवा केन्द्र प्रमुख श्री कपिल श्रेष्ठले संस्थाले प्रदान गरेको सेवाहरु तथा संस्थाले संचालन गरेको विभिन्न राहत कार्यक्रमका वारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो, संस्थाले बचत तथा ऋण सुविधा मात्र नभई महिला स्वास्थ्य, सुत्केरी महिला भेटघाट तथा नवजात शिशुहरुलाई न्यानो भोटो कपडा र खुत्रुके उपहार स्वरुप प्रदान गर्ने गरिएको जानकारी गराउनु भएको थियो । कार्यक्रममा स्वास्थ्य चौकीकी अनमी श्री कल्पना ढकालले महिला तथा शिशु स्वास्थ्य हेरचाह, पोषणयुक्त खानेकुराका विषयमा अभिमुखिकरण गर्नुभएको थियो । कार्यक्रममा सभाध्यक्ष थापाले सामुदायिक सहकारी संस्थाले सहकार्य गरी कार्यक्रम सफल बनाउन महत्वपुर्ण भुमिका खेलेको उल्लेख गर्दै संस्थाप्रति हार्दिक आभार व्यक्त गर्नुभयो र अगामी दिनमा वडा सदैव संस्थासंग सहकार्य गर्न तत्पर रहेको बताउनु भयो ।





## सदस्य अन्तरक्रिया कार्यक्रम : भुग्देउ

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. ढुंखर्क सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पौष १३ बेथानचोक गाँउपालिका वडा नं ६ भुग्देउमा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । भुग्देउ सामुदायिक समुह का संयोजक कृष्ण प्रसाद दंगाल सभाध्यक्ष रहनु भएको कार्यक्रममा श्री सरस्वती मा बि का पुर्व प्रधानाध्यापक बिष्णु बहादुर थापा का बिशेष उपस्थित रहेको थियो। कार्यक्रममा संस्था र संस्थाले प्रदान गर्दै आएका बित्तीय लगायतका सेवाहरु साथै संस्थाले संञ्चालन गरेका सदस्य राहतका कार्यक्रमहरु सो प्राप्तिका लागि आवश्यक प्रकृयाहरुको विषयमा सेवा केन्द्र प्रमुख राम कृष्ण तिमल्सिनाले प्रस्तुत गर्नु भएको थियो ।कार्यक्रममा सामुदायिक साकोसमा आबद्ध ३३ जना शेयर सदस्यहरूको उपस्थिति रहेको थियो



## सदस्य अन्तरक्रिया कार्यक्रम : नयाँवस्ती

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि कुमारी सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस २१ गते बनेपा नगरपालिका- ९, नयाँवस्तीमा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सामुदायिक साकोसमा आबद्ध २९ जना शेयर सदस्यहरूको सक्रिय उपस्थिति रहेको कार्यक्रममा सेवाकेन्द्र व्यवस्थापन उप समितिका संयोजक श्री रामशरण राउतको सभाध्यक्षता गर्नुभएको थियो भने संस्थाका श्रदेय अध्यक्ष श्री मुकुन्द शर्माज्यूको समेत उपस्थिति रहेको थियो ।

बरिष्ठ अधिकृत जिवन सत्यालले संस्थाको विषयमा विस्तृत जानकारी गराउनुका साथै संस्थाले सञ्चालन गर्दै आएका विभिन्न वस्तु तथा सेवाहरूको बारेमा जानकारी गराउँदै सदस्यहरूबाट उठेका जिज्ञासा तथा प्रश्नहरूको सम्बोधन गर्नुभएको थियो । सञ्चालक सदस्य राम प्रसाद तिमल्सिनाको समेत उपस्थिती रहेको कार्यक्रममा सदस्यहरुले सक्रिय सहभागीता जनाउनु भएको थियो ।





## सदस्य अन्तरक्रिया कार्यक्रम : कुशादेवी

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कुशादेवी सेवाकेन्द्रको आयोजनामा पनैती १ खानिडाँडामा सदस्य अन्तरक्रिया कार्यक्रम ( विस्तारीत मन्च) सम्पन्न भएको छ । कार्यक्रममा सेवाकेन्द्र प्रमुख प्रमोद दाहालले संस्थाको स्थापना कालदेखि बर्तमान अवस्थाको विश्लेषण, संस्थागत क्रियाकलाप तथा सदस्यले प्राप्त गर्ने सेवा सुविधाका विषयमा जानकारी गराउदै सदस्यसग अन्तरक्रियात्मक छलफल गरिएको थियो । कुशादेवी सेवाकेन्द्रका कर्मचारी अन्जु गौतमले व्यवस्थापन गर्नुभएको उक्त कार्यक्रममा २७ जना सदस्यहरुको सहभागिता रहेको थियो ।





## सदस्य समवेदना राहत तथा लघुकर्जा बिमा दाबी रकम हस्तान्तरण

२०८२।०५।१३, शुक्रबार, सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले सदस्य सुरक्षा कार्यक्रम अन्र्तगत संचालन गरेको लघुकर्जा तथा दुर्घटना विमा वापतको रकम एक कार्यक्रमका विच मृतक सदस्यका हकवाला परिवारलाई हस्तान्तरण गरेको छ । सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री नाराण प्रसाद लम्सालको सभाध्यक्षता र संस्थाका श्रदेय अध्यक्ष श्री मुकुन्द शर्माको विशेष उपस्थितिमा मण्डनदेउपुर नगरपालिका वडा नं. २ मेषगाउँ, सदस्यता नं. १४९६(०६) का सदस्य स्व. श्री विनोद घोरासैनीको श्रीमती अस्मिता दाहाल परिवारलाई दु:खको यस घडीमा सोकाकुल परिवार प्रति समवेदना प्रकट गर्दै संस्थाले संचालन गरेको समवेदना राहत तथा लघुकर्जा विमा कार्यक्रम अन्र्तगतको दावी रकम रु ६२५०००।०० (छ लाख पच्चीस हजार रुपैया मात्र ।) अध्यक्ष शर्मा मार्फत हस्तान्तरण गरिएको छ ।

कार्यक्रममा मृतकका बुवाले सामुदायिक सहकारीले सदस्यको शुख दु:खमा साथ दिदै पिडाको अवस्थामा संस्थाले लगाएको यो गुन कहिल्यै विर्सन नसक्ने बताउदै पिडाको समयमा संस्थावाट



आफुले आशा गरेभन्दा धेरै ठुलो सहयोग प्राप्त भएकोमा संस्थाप्रति हार्दिक आभार व्यक्त गर्नु भयो ।

कार्यक्रममा संस्थाका सचिव श्री सरोज कुमार तिमल्सेना, सञ्चाक सदस्यहरु राम प्रसाद तिमल्सिना र रामकृष्ण घिमिरेको समेत उपस्थिति रहेको थियो भने स्थानीय ४८ जनाको सहभागीता रहेको कार्यक्रमको सहजिकरण कुन्तावेशी सेवाकेन्द्र प्रमुख विनोद सापकोटाले गर्नु भएको थियो ।

## सदस्य विस्तारीत मञ्च

मिति २०८२ भदौ १४ गते सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कुन्ताबेशी सेवाकेन्द्रको आयोजनामा मण्डन देउपुर ०९ रामाटामा सदस्य अन्तरक्रिया कार्यक्रम तथा विस्तारीत मञ्च (सदस्य शिक्षा) सम्पन्न भएको छ । कार्यक्रममा सेवाकेन्द्र प्रमुख विनोद सापकोटाले संस्थागत क्रियाकलाप तथा सदस्यले प्राप्त गर्ने सेवा सुविधाका विषयमा जानकारी गराउदै सदस्यसंग अन्तरक्रियात्मक छलफल गरिएको थियो । कुन्ताबेशी सेवाकेन्द्रका कर्मचारी रक्षा पौडेलले व्यवस्थापन र सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा १४ जना सदस्यहरुको सहभागिता रहेको थियो ।




## व्यवसायिक कृषि तालिम

भदौ १९, २०८२, सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि पनौती ४, टौखालको कुन्ताबेशी सेवाकेन्द्रको आयोजनामा मण्डन देउपुर नगरपालिका वडा नं ५ ढकालडाँडामा ब्यबसायिक कृषि तालिम अन्तर्गत बेर्ना उत्पादन सम्बन्धि तालिम सम्पन्न भएको छ । मण्डन देउपुर न. पा.को वडा नं ५ को ढकालडाँडा, सल्लेबास, मेषागाउ र आसपासका सदस्यलाई लक्षित गरी कार्यक्रम आयोजना गरीएको हो । सामुदायिक समुहमा आबद्ध हुनुभएका त्यस भेगका स्थानिय सहित ४६ जना भन्दा बढीको सहभागीता रहेको थियो । कार्यक्रममा कुन्ताबेशी



सेवाकेन्द्र प्रमुखले सदस्य माझ बचत तथा ऋण सम्बन्धी अभिमुखीकरण गर्दै बचतको महत्व माथी प्रकाश पार्नुको साथै परिमार्जित निति नियम ऋण सिमा समस्या र जमानीको भुमिका लगाएत विषयबस्तुहरु माथी प्रकाश पार्नुभएको थियो । सामुदयिक साकोसमा सदस्यले पाउने सुबिधाहरु र संस्थाले प्रदान गर्ने सेवाहरुको बारेमा जानकारी गराउनु हुदै संस्थाको हाल सम्मको बित्तीय तथा गैर बित्तीय बिबरण, कार्यक्षेत्र लगायत संस्थाले गर्दै आएका अन्य क्रियाकलापहरुको बारेमा समेत जानकारी गराईएको कार्यक्रममा कृषि प्राबिधिक रामशरण सापकोटाले स्थानिय तरकारी बाली विषेश गरी काउली र मुला उत्पादन सम्बन्धि प्रशिक्षण गराउदै र पशु बिमाको महत्वको बारेमा समेत सहभागीहरुलाई जानकारी गराउनु भएको थियो ।

## सदस्य विस्तारीत मञ्च

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कुन्ताबेशी सेवा केन्द्रको आयोजनामा मिति २०८२ भदौ २२ गते मण्डन देउपुर ०५ खाटे चौरमा र मिति २०८२ असोज ५ गते मण्डनदेउपुर न.पा. वडा नं. ३ योञ्जन टोलमा सदस्य अन्तरक्रिया कार्यक्रम तथा विस्तारीत मञ्च (सदस्य शिक्षा) सम्पन्न भएको छ । कार्यक्रममा सेवाकेन्द्र प्रमुख विनोद सापकोटाले संस्थाले उपलब्ध गराउने वस्तु तथा सेवा, संस्थागत क्रियाकलाप तथा सदस्यले प्राप्त गर्ने सेवा सुविधा, सामुदायिक राहत कार्यक्रम र परिमार्जित सहकारी सम्बन्धि निति नियमको विषयमा जानकारी गराउदै सदस्यसंग अन्तरक्रियात्मक छलफल गर्नुभएको थियो । कुन्ताबेशी सेवाकेन्द्रका कर्मचारी एवं कृषि प्रविधिक रामशरण सापकोटा र लक्ष्मी ढकालले व्यवस्थापन र सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा ६८ जना सदस्यहरुको सहभागिता रहेको थियो ।







## २ दिने नि:शुल्क पशु स्वास्थ्य शिविर सम्पन्न

सामुदायिक बचत तथा ऋण सहकारी संस्था काभ्रेपलाञ्चोक कुन्तावेशी सेवाकेन्द्रको व्यवस्थापनमा का.प.जि मण्डनदेउपुर न.पा वडा नं. १ र ५ मा किसान सदस्यहरुको माग बमोजिम घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरेको छ । सेवाकेन्द्रको व्यवस्थापन र मण्डनदेउपुर नगरपालिकाको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रमको संयोजकत्व सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री नारायण प्रसाद लम्सालले गर्नु भएको थियो । किसान सदस्यहरुको घरगोठमा नै गई उहाँहरुले पालन गर्नुभएको पशुधनको स्वास्थ्य अवस्था परीक्षण गरी पशुस्वास्थ्यका सम्वन्धमा किसानहरुलाई अभिमुखिकरण गर्दै पशु स्वास्थ्य जाँचका क्रममा देखिएका स्वास्थ्य समस्यका बारेमा र रोग रोकथामका विभिन्न उपायहरुका वारेमा सल्लाह सुझाव र पुर्वशतर्कताका विषयमा सदस्यहरुलाई जानकारी समेत गराईएको थियो ।

आफ्नो घरगोठमा प्राविधिक टोली सहित उपस्थित भई व्यवहारिक ज्ञान, सल्लाह सुझाव उपलब्ध गराई प्राविधिक संग प्रत्यक्ष संवाद गर्ने अवसर दिलाई दिएकोमा सदस्यहरुले सामुदायिक संस्था केवल नाममा मात्र सामुदायिक नभई व्यवहारमा समेत सामुदायिक रहेछ, किसानको दु:ख शुख सधैं साथमा रहेको कुरा व्यक्त गर्दै धन्यवाद व्यक्त गर्नु भएको थियो ।

मिति २०८२ असोज २९ र ३० दुई दिन संचालित घुम्ती स्वास्थ्य शिविरमा सेवाकेन्द्र व्यवस्थापन संयोजक श्री नारायण प्रसाद लम्साल, उप समिति सदस्य नारायण प्रसाद सापकोटा, मण्डनदेउपुर नगरपालिकाकी पशुपन्छी विकास शाखाकी पशु चिकित्सक डा. उरुषा धिमिरे, सेवाकेन्द्रका कर्मचारीहरु र स्थानीय अगुवा किसानसदस्यहरुले सहजीकरण गरिदिनु भएको थियो । शिविरमा ६१ जना सदस्यहरुको १३५ वटा पशुधनको स्वास्थ्य परिक्षण गरिएको थियो ।








## सदस्य अन्तर्क्रिया तथा स्वास्थ्य उपचार राहात रकम हस्तान्तरण





सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि पनौती ४, टौखालको कुन्ताबेशी सेवाकेन्द्रको आयोजनामा २०८२।०९।०८ मा मण्डनदेउपुर नगरपालिका वडा नं ३ मा सदस्य अन्तरक्रिया तथा विस्तारीत मञ्च कार्यक्रममा स्वास्थ्य उपचार राहात रकम वितरण गरिएको छ । कार्यक्रममा कुन्ताबेशी सेवाकेन्द्र प्रमुखलेसदस्य माझ बचत तथा ऋण सम्बन्धी अभिमुखीकरण गर्दै बचतको महत्वमाथी प्रकाश पार्नुभएको थियो । सामुदयिक साकोसमा सदस्यले पाउने सुबिधाहरु र संस्थाले प्रदान गर्ने सेवाहरुको बारेमा जानकारी गराउनु हुदै संस्थाको हाल सम्मको बित्तीय तथा गैर बित्तीय बिबरण,कार्यक्षेत्र लगायत संस्थाले गर्दै आएका अन्य क्रियाकलापहरुको बारेमा समेत जानकारीमुलक प्रस्तुती गर्नुभएको थियो । संस्थाका अद्यावधिक ऋण निति ,ऋण ,ऋणको सिमा र ऋण लिदा ध्यान दिनुपर्ने कुराहरु ,जमानी र जमानीको भूमिकाको विषयमा समेत जानकारी गराउनुभएको थियो। कार्यक्रममा स्वास्थ्य उपचार राहात कोषमा योगदान गर्नुहुने सदस्यहरु मञ्जु गुरुङ र राजुभाई गुरुङलाई उहाहरुको स्वास्थ्य उपचार वापत क्रमश रु १५०००।०० र रु १००००।०० हस्तानतरण समेत गरिएको थियो ।कार्यक्रममा स्थानिय सहभागी सहित २० जनाको उपस्थिति रहेको थियो ।





## सदस्य अन्तरक्रिया तथा विस्तारीत मञ्च

मिति २०८२ पौष १५ गते सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.कुन्ताबेशी सेवाकेन्द्रको आयोजनामा मण्डनदेउपुर १० तिनधारा र वडा नं. १२ रामपुरमा सदस्य अन्तरक्रिया कार्यक्रम तथा विस्तारीत मञ्च (सदस्य शिक्षा) सम्पन्न भएको छ । कार्यक्रममा सेवाकेन्द्र प्रमुख विनोद सापकोटाले संस्थाले सदस्यहरुलाई प्रदान गरेको सेवा सुविधा, संस्थागत क्रियाकलाप तथा सदस्यले प्राप्त गर्ने सेवा सुविधाका विषयमा जानकारी गराउदै सदस्यसंग अन्तरक्रियात्मक छलफल गरिएको थियो । कार्यक्रममा ४५ जनाको सहभागीता रहेको थियो । संस्थाको बस्तु तथा सेवा रुचाएर सहभागी मध्ये ५ जनाले नयाँ सदस्यता समेत ग्रहण गर्नु भयो ।







## कुन्तावेशीमा समूह संयोजक भेला सम्पन्न

मिति २०८२ पौष १८ गते सामुदायिक बचत तथा ऋण सहकारी संस्थाको कुन्ताबेशी सेवाकेन्द्रमा १ दिने सामुदायिक समुहका समुह संयोकहरुको भेला कार्यक्रम सम्पन्न भएको छ । कुन्तावेशी सेवाकेन्द्र व्यवस्थापन उप समितिका संयोजक श्री नारायण प्रसाद लम्सालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा मण्डनदेउपुर न.पा. वडा नं. १२ का स्थानिय समाजसेवी श्री हरी प्रसाद पराजुलीको समेत उपस्थिति रहेको कार्यक्रममा व्यवस्थापन उप समिति सदस्य नारायण प्रसाद

सापकोटा र विमला पौडेल समेत सहभागी रहनु भएको थियो । संस्थाले संचालन गरेको सामुदायिक समुहलाई थप व्यवस्थिति र प्रभावकारी बनाउनका लागि संस्थाले तयार गरेका योजना र कार्यान्वयनको अवस्थालाई सहभागीहरु समक्ष अन्तर्क्रियात्मक ढंगवाट प्रस्तुत गरिएको कार्यक्रमको सहजीकरण सेवाकेन्द्र ब्यबस्थापन उपसमितिका सदस्य श्री नारायण प्रसाद सापकोटाले गर्नुभएको थियो । संस्थाको समग्र बस्तुस्थितिको बारेमा जानकारी मुलक प्रस्तुति तथा सहभागीबाट उठेका जिज्ञासा र गुनासाहरुको सम्बोधन कुन्ताबेशी सेवाकेन्द्र प्रमुख एवं पूर्बी क्लष्टर प्रमुख श्री विनोद सापकोटाले गर्नुभएको थियो । कार्यक्रममा सेवाकेन्द्रबाट बिभिन्न भेगका समुहहरुको प्रतिनिधि गर्दै ४० जना समुह संयोजकहरुको सहभागीतारहेको कार्यक्रममा सेवाकेन्द्रका थप गतिबिधिहरु समावेश गर्दै कार्यक्रम सञ्चालन कुन्ताबेशी सेवाकेन्द्रका कर्मचारी रक्षा पौडेलले गर्नुभएको थियो । यस अर्न्तक्रिया कार्यक्रमले समुह संयोजकहरुको क्षमता विकास भई सामुदायिक समुह थप क्रियाशिल हुने अपेक्षा गरिएको छ ।



## महेन्द्रज्योतीमा सदस्य अन्तरक्रिया कार्यक्रम

सामुदायिक बचत तथा ऋण सहकारी सस्था लि.महेन्द्रज्योती सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस २५ गते बनेपा १२, महेन्द्रज्योतीमा सदस्य अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । कार्यक्रमको सभाध्यक्षता महेन्द्रज्योती सेवाकेन्द्र ब्यवस्थापन उप समिति संयोजक रामबहादुर कुँवरले गर्नुभएको थियो भने संस्थाका श्रदेय अध्यक्ष श्री मुकुन्द शर्मा वाग्लेको बिशेष उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्था र संस्थाले प्रदान गर्दै आएका बित्तीय लगायतका सेवाहरु साथै संस्थाले संञ्चालन गरेका सदस्य राहतका कार्यक्रमहरु तथा सहकारी नियमन प्राधिकरणले बचत तथा ऋण सहकारी संस्थाहरुलाई जारि गरेको निर्देशनका विषयमा समेत अन्तरक्रियात्मक छलफल गरिएको थियो ।

संस्थाका सञ्चालक सदस्य राम प्रसाद तिमल्सिनाको समेत उपस्थिती रहेको कार्यक्रममा ३० जना शेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।







## विद्यालय वित्तीय साक्षरता

मिति २०८२ पौष ११ गते संस्थाको महेश्वरी कृषि सेवाकेन्द्र नालाको आयोजनामा बनेपा १,श्री सपनेश्वरी माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई सहकारी शिक्षा प्रदान गरिएको छ । सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री लक्ष्मण दाहाल ज्यूको सभाध्यक्षतामा सम्पन्न गरिएको कार्यक्रममा सहभागी विद्यार्थीहरुलाई वित्तीय बजारमा उपलब्ध हुने सेवा सुविधा, Digital Banking तथा सहकारीका विषयमा सेवाकेन्द्र प्रमुख सुमन रम्तेलले जानकारी प्रदान गर्नु भएको थियो ।

विद्यालयका प्रधानाध्यापक श्री महेश लामिछाने ज्यूले



सामुदायिक सहकारी संस्थाको विद्यार्थी जीवनवाट नै वित्तीय शिक्षा प्रदान गर्ने कार्य अतिनै सान्दर्भिक रहेको र यसले विद्यार्थीहरुमा वित्तीय चेतना बृद्धि गर्दै वित्तीय निर्णय क्षमता समेत विकास हुने भएकोले आफ्ना विद्यार्थीहरुलाई यो अवसर प्रदान गरेकोमा हार्दीक धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा ५६ जना विद्यार्थी तथा शिक्षकहरुको सहभागीता रहेको थियो ।



## लघुकर्जा विमा दावी हस्तान्तरण

संस्थाको लघु विमा कार्यक्रममा आवद्ध यस संस्थाको सदस्य स्वर्गीय श्री गोविन्द बहादुर मगरको मृत्यु पश्चात प्राप्त हुने विमा दावी वापतको रकम मिति २०८२ पौष ८ गते संस्थाका श्रदेय अध्यक्ष श्री मुकुन्द शर्मा, सचिव सरोज कुमार तिमल्सेना, सञ्चालक सदस्य श्री विकास पन्त, बबिता बोहरा मंगलटार सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री राजेन्द्र प्रसाद अधिकारी र बचत तथा सदस्य सेवा विभाग प्रमुख श्री योग वहादुर सापकोटा समेतको उपस्थितिमा हस्तान्तरण गरिएको छ । सदस्यका छोरा श्री भिमसेन रुचाललाई मंगलटार सेवाकेन्द्रमा औपचारीक कार्यक्रमको आयोजना गरी विमा दावी वापतको रकम रु २,२५,०००।०० (अक्षरेपी रु दुई लाख पच्चीस हजार रुपैया) हस्तान्तरण गरिएको हो । हामी शोकसन्तप्त परिवार प्रति हार्दीक समवेदना प्रकट गर्दछौ ।



## रोशी र नमोबुद्धमा सदस्य अभिमुखिकरण




सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को धुनिदेवी नमोबुद्ध सेवाकेन्द्र भकुण्डेको व्यवस्थापनमा रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिकामा विभिन्न मितिमा सदस्य लक्षित सदस्य अभिमुखिकरण कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरेको छ । संस्थाले पौष २३ गते रोशी गाउँपालिका वडा नं. ०७, थुम्कामा बस्तु तथा सेवासम्बन्धी अभिमुखीकरण तथा सदस्य अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो जसमा २२ जना सेयर सदस्यले सहभागिता जनाउँदै संस्थाका बस्तु र सेवाहरूबारे जानकारी लिएका थिए । त्यसै गरी पौष २८ गते नमोबुद्ध नगरपालिका वडा नं. ०५ का विभिन्न स्थानहरूमा सदस्य अन्तरक्रिया तथा विस्तारित मञ्च कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा धुनिदेवी नमोबुद्ध सेवा केन्द्र प्रमुख श्री राजु तिमल्सिनाले संस्थाको परिचय, बचतका प्रकार, प्रविधि-आधारित सेवाहरू र राहत कार्यक्रम बारे जानकारी प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नमोबुद्ध न.पा. वडा न



०५ पौडेलथोक १६ जना, दारेगौडा १७ जना र कोटतिमाल २० जना गरी ५३ जना सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो । कोटतिमाल कार्यक्रम धुलिखेल सेवा केन्द्र व्यवस्थापन उपसमिति सदस्य श्री बाबुराम कोइरालाको सभाध्यक्षतामा सम्पन्न भएको थियो ।



## ६ सदस्य अन्तरक्रिया पाँचखाल

सामुदायिक साकोस पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस १९ गते, पाँचखाल नगरपालिका-९, सिमराडिमा सदस्य तथा सम्भावित सदस्यहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा सिमराडि क्षेत्रका सदस्य तथा सम्भावित सदस्य गरी जम्मा १२ जनाको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा पाँचखाल सेवाकेन्द्रका सेवाकेन्द्र प्रमुख सुन्दर मैनालीज्यूले संस्थाको स्थापनाकालदेखि हालसम्मको समग्र प्रगति र वर्तमान अवस्थाबारे विस्तृत जानकारी दीदै संस्थाले सञ्चालन गर्दै आएका विभिन्न बचत तथा ऋण



कार्यक्रमहरू, सदस्य राहत कार्यक्रम, तथा अन्य वित्तीय एवं गैर वित्तीय वस्तु तथा सेवाहरूको बारेमा सहभागीहरूलाई अभिमुखिकरण गर्नुभयो । अन्तरक्रियाको क्रममा सहभागीयहरूले उठाएका जिज्ञासा र सुझावहरूलाई सेवाकेन्द्र प्रमुखज्यूले सकारात्मक रूपमा ग्रहण गर्दै समाधान मुखी ढंगले सम्बोधन गर्नुभएको थियो ।

---

सामुदायिक साकोस पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२ मङ्सिर २१ गते पाँचखाल नगरपालिका-५, डडालथोकमा सदस्य अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । कार्यक्रममा सामुदायिक साकोसमा आबद्ध ११ जना सदस्यहरूको सक्रिय उपस्थिति रहेको कार्यक्रममा पाँचखाल सेवाकेन्द्र प्रमुख सुन्दर मैनालीले संस्थाको स्थापनाकालदेखि वर्तमान अवस्थासम्मको समग्र जानकारी गराउनुका साथै संस्थाले सञ्चालन गर्दै आएका विभिन्न वस्तु तथा सेवाहरूको बारेमा स्पष्ट रूपमा जानकारी गराउनुभयो । साथै, सदस्यहरूबाट उठेका जिज्ञासा तथा प्रश्नहरूको प्रभावकारी रूपमा सम्बोधन गर्नुभएको थियो । कार्यक्रमलाई सफल बनाउन पाँचखाल सेवाकेन्द्रका कर्मचारीहरू प्रबेश सापकोटा र अन्जना बजगाईंले सहजीकरण गर्नुभएको थियो ।



---

### नयाँ सदस्य स्वागत कार्यक्रमः

सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२ साल पुस ९ गते नयाँ सदस्य स्वागत तथा सदस्य अन्तरक्रिया कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न भएको छ । कार्यक्रमको सभाध्यक्षता पाँचखाल सेवाकेन्द्र व्यवस्थापन उपसमिति संयोजक श्री राजन गौतमज्यूले गर्नुभएको थियो भने संस्थाका पूवी क्लष्टर प्रमुख श्री बिनोद सापकोटाज्यूको विशेष उपस्थिति रहेको उक्त कार्यक्रममा १८ जना नयाँ सदस्यहरूलाई हार्दिक स्वागत गर्दै सहकारीको उद्देश्य, सिद्धान्त तथा मूल्यहरूको बारेमा विस्तृत

रूपमा प्रकाश पारिएको थियो । साथै संस्थाले सञ्चालन गर्दै आएका विभिन्न बचत तथा ऋण कार्यक्रमहरू, सदस्य राहत कार्यक्रम, बीमा सुविधा, सामाजिक उत्तरदायित्व अन्तर्गतका गतिविधिहरू लगायत वित्तीय तथा गैरवित्तीय वस्तु तथा सेवाहरूको बारेमा सहभागी सदस्यहरूलाई स्पष्ट र सहज रूपमा जानकारी गराइएको थियो ।

कार्यक्रमको अन्तरक्रिया सत्रमा सदस्यहरूले आफ्ना जिज्ञासा, सुझाव तथा अनुभवहरू साझा गरेका थिए, जसलाई संस्थाका प्रतिनिधिहरूले सकारात्मक रूपमा ग्रहण गर्दै समाधानमुखी जवाफ प्रदान गर्नुभएको थियो ।



## सदस्य अभिमुखिकरण

सामुदायिक साकोस पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस २ गते पाँचखाल ३, रामपुर चौतरीमा सदस्य तथा सम्भावित सदस्यहरूसँग अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। उक्त कार्यक्रममा सदस्य तथा सम्भावित सदस्य गरी जम्मा २१ जनाको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा पाँचखाल सेवाकेन्द्रका खजान्ची अन्जना बजगाईले संस्थाको स्थापनाकालदेखि हालसम्मको समग्र अवस्थाबारे जानकारी गराउनुका साथै संस्थाले सञ्चालन गर्दै आएका बचत तथा ऋण कार्यक्रम, सदस्य राहत कार्यक्रम लगायत विभिन्न वित्तीय तथा गैर वित्तीय वस्तु तथा सेवाहरूको बारेमा स्पष्ट रूपमा जानकारी गराउनुको साथै कार्यक्रमको क्रममा सहभागी सदस्यहरूबाट उठाइएका जिज्ञासा तथा सुझावहरूको सम्बोधन गरीएको थियो ।



सामुदायिक साकोस पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस १५ गते पाँचखाल नगरपालिका-६, दुलालथोकमा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सामुदायिक साकोसमा आबद्ध १८ जना सदस्यहरूको सक्रिय उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा पाँचखाल सेवाकेन्द्र प्रमुख सुन्दर मैनालीले संस्थाको स्थापनाकालदेखि वर्तमान अवस्थासम्मको



समग्र जानकारी गराउनुका साथै संस्थाले सञ्चालन गर्दै आएका विभिन्न वस्तु तथा सेवाहरूको बारेमा स्पष्ट रूपमा जानकारी गराउनुभयो । साथै, सदस्यहरूबाट उठेका जिज्ञासा तथा प्रश्नहरूको प्रभावकारी रूपमा सम्बोधन गर्नुभएको थियो । कार्यक्रमलाई सफल बनाउन पाँचखाल सेवाकेन्द्रका कर्मचारीहरू सस्मिता दुलाल र अन्जना बजगाईंले सहजीकरण गर्नुभएको थियो ।

## समुह संयोजक भेला तथा अन्तर्क्रिया कार्यक्रम

सामुदायिक सकोस पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२ पुस १६ गते बुधवारका दिन पाँचखाल ४ तामाघाट स्थित पाँचखाल सेवाकेन्द्रको कार्यालयमा संयोजक भेला तथा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सेवाकेन्द्र व्यवस्थापन उपसमितिका सह संयोजक ऋषी प्रसाद भेटवालज्यूको सभाध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा पूर्व क्लस्टर प्रमुख विनोद सापकोटाले सहकारीको ऐतिहासिक पृष्ठभूमि, संस्थाले संचालन गरेको राहत कार्यक्रमहरू, ऋणको उद्देश्य, सदुपयोग र दुरुपयोगका असर, तथा सदस्यहरूको भूमिका बारे स्पष्ट र प्रभावशाली अभिमुखीकरण दिनुको साथै सहभागी सदस्यहरूबाट उठेका जिज्ञासा तथा प्रश्नहरूको सम्बोधन गर्नुभएको थियो । सामुदायिक समुहका ३८ जना संयोजक, सह



संयोजक तथा सदस्यहरूको सक्रिय उपस्थितिमा सम्पन्न कार्यक्रमले संस्थाको सदस्यप्रतिको जवाफदेहीता, सामाजिक तथा संस्थागत उत्तरदायित्व निर्वाहमा उर्जा प्रदान गर्ने विश्वास लिइएको छ ।



## सदस्य अभिमुखिकरण

सामुदायिक साकोस पाँचखाल सेवाकेन्द्रको आयोजनामा मिति २०८२/०९/१८ गते भुम्लु-१, काफलपानीमा सदस्य अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम १८ जनाको सक्रिय सहभागितमा सम्पन्न भयो । कार्यक्रममा पाँचखाल सेवाकेन्द्र प्रमुख सुन्दर मैनालीले संस्थाले सञ्चालन गर्दै आएका वित्तीय सेवा सुविधा बचत तथा ऋण कार्यक्रम, सदस्य राहत कार्यक्रम लगायत विभिन्न वित्तीय तथा गैर वित्तीय वस्तु तथा सेवाहरूको बारेमा रूपमा जानकारी गराइएको थियो । कार्यक्रममा संस्थाको सेवा सुविधावाट प्रभावित भई २ जना सहभागीले संस्थाको सदस्यता लिएका छन् भने अन्य सहभागीहरूले पनि निकट भविष्यमै संस्थाको सदस्यता लिने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यसैगरी मिति २०८२ पौष २४ गते पाँचखाल ६, तिनपिप्लेमा भएको सदस्य भेटघाट तथा अर्न्तक्रिया कार्यक्रममा थप २ जनाले संस्थाको सदस्यता लिनु भएको थियो ।








## सहकारी: मेरो प्रगति र समृद्धिको आधार



पम्फा माया तामाङ
पाँचखाल-११
सदस्यता नं. ७०१ (१४)

विगतमा मेरो आर्थिक अवस्था सामान्य थियो। म एउटा सानो व्यापार गर्थें। 'दु:ख लुकाएर लुक्दैन' भनेझैं, त्यतिबेला घरखर्च चलाउन, छोराछोरी पढाउन र सानातिना गर्जो टार्न मलाई निकै मुस्किल थियो। जिन्दगी यसैगरी चल्ने हो कि वा छोराछोरीको भविष्य कस्तो होला भन्ने चिन्ताले मलाई सधैं सताइरहन्थ्यो ।

यसै क्रममा छिमेकी, साथीभाइ र कर्मचारीहरूसँगको सल्लाहपछि मैले सहकारीको बारेमा बुझ्ने मौका पाएँ। सुरुमा ग्रामीण स्वाबलम्बन बहुउद्देश्यीय सहकारी संस्थामा आवद्ध भई थोरै-थोरै बचत गर्न र सानोतिनो ऋण चलाउन थालें। पछि उक्त संस्था सामुदायिक बचत तथा ऋण सहकारी संस्थासँग एकीकरण भयो ।

संस्थाले आयोजना गर्ने सहकारी शिक्षा, सदस्य अन्तरक्रिया र बैठकहरूमा नियमित सहभागी हुन थालेपछि मैले बचतको वास्तविक महत्व बुझें। त्यसपछि मैले आफ्ना छोराछोरीको पनि खाता खोली नियमित बचत गरिदिन थालें। सहकारीबाटै थोरै ऋण लिएर पशुपालन सुरु गरें, जसमा म सफल पनि भएँ ।

मेरो एउटा सपना आफ्नै घर बनाउने थियो । संस्थाबाट घर निर्माणका लागि उचित ऋण परामर्श लिएर सोही अनुसार ऋण परिचालन गरें। आज मेरो घर निर्माण सम्पन्न भइसकेको छ । अहिले छोराछोरी रोजगारीको सिलसिलामा विदेशमा छन् र उनीहरूले हरेक महिना संस्थाको QR Code मार्फत सिधै रकम पठाएर ऋणको किस्ता बुझाउने गरेका छन् । यसले हामीलाई निकै सहज बनाएको छ।

मैले बुझेको सत्य के हो भने–आफ्नो परियोजना अनुसार ऋणको सही सदुपयोग गरेमा मात्रै सपना सफल भइने रहेछ र यसले समाजमा छुट्टै पहिचान बनाउन मद्दत गर्ने रहेछ। सहकारी भनेको वास्तवमै दु:ख-सुखको साथी हो । यदि हामीले नियमित बचत गर्ने र लिएको ऋण सही ठाउँमा लगानी गर्ने हो भने सफलता टाढा छैन ।

अन्त्यमा, म सबैलाई के भन्न चाहन्छु भने–'खर्च गरेर बचेको रकम बचत गर्ने होइन, बरु बचत गरिसकेपछि बाँकी रहेको रकम मात्र खर्च गर्ने बानी बसालौं।'

जय सहकारी, जय सामुदायिक !






**ठाकुरनाथ चौलागाईं**
**मण्डनदेउपुर ५, चुरीथुम्का, काभ्रे**
**सदस्य नं: १९५६ (०६)**

# प्रत्येक महिना ब्याज छुट पाएको रकम मेरो मासिक बचत खातामा समेत राख्न पाएँ

सामुदायिक बचत तथा ऋण सहकारी संस्थाको कुन्तावेशी सेवा केन्द्र मेरो लागी एक अविश्मरणीय संस्थाको रुपमा स्थापना भएको छ । मण्डनदेउपुर भेगका सेवा दिने उद्देश्यले स्थापना भएको संस्था वास्तबमै नाम अनुसारको काम रहेको अनुभव गर्न पाएकोले धेरै नै खुसी लागेको छ । व्यवसायको लागि आवश्यक ऋण जहिले पनि लघुवित्तबाट लिईरहँदा पनि सजिलो अनुभव गरेतापनि सामुदायिक सहकारी हाम्रो गाउँमा प्रवेश गरिरहँदा सुरुवाती अवस्थामा त्यती धेरै विश्वास लागेको थिएन । सहकारीको नाम सुन्दापनि भाग्ने र सहकारीको नाम समेत लिन नचाहनेहरु पनि आज सामुदायिक सहकारी वास्तबमै समुदायस्तरमै छ भन्ने भावना सबैमा जगजाएर नै छ ।

सेवा बिस्तारको क्रममा सामुदायिक सहकारी मण्डन देउपुरको वडा नं ५ मा प्रवेश हुँदा टाढाको सहकारी हो सुरुमा त्यति विश्वास त लागेको थिएन तर पनि क्रमिक रुपमा बुझ्दै जाँदा राम्रो लाग्यो त्यसैले हाम्रो गाउँ चुरीथुम्कामा सदस्यता लिने मध्ये म आफैं पहिलो थिएँ । सुरुवाती चरणमा कर्मचारीहरुले भनेको कुराहरुमा पनि खासै विश्वास लागेको थिएन । सहकारीले पनि कहाँ बिरामी खर्च दिने, मृत्यु हुँदा पनि संस्कार चलाउन रकम दिन्छ भन्ने लागिरहँदा सो सुविधाका बारेमा अनुभव समेत गर्ने अवसर मिल्यो ।

ऋणको मामिलामा पनि सामुदायिक सहकारी धेरैनै सहज लाग्यो । आफुले जहिले पनि गाँउ घरमा महँगो ब्याजदरमा रकम लिने दिने गरीरहेको तर जुन दिनदेखी सामुदायिक सहकारी हाम्रो गाँउमा प्रवेश भए देखिनै मैले यसै संस्था मार्फत ऋण लिएँ, ब्याजदर पनि गाँउघरको भन्दा सहज लाग्यो । सानो स्केलमा दुध व्यवसाय गरिरहेको म जस्तो साना किसानको लागि सामुदायिक सहकारीबाट लिएको ऋण मेरो लागि प्रेरणा तथा व्यवसाय वृद्धिको मुख्य आधारको रुपमा खडा भयो।

संस्थाबाट ऋण लिएर मैले ३ वटा पशु थपें । दुध उत्पादन वृद्धि गराएँ , उत्पादन वृद्धि हुँदा मेरो आम्दानीको स्तर बढ्यो, आम्दानीको स्तर वृद्धिसँगै मलाई संस्थामा ऋणको मासिक किस्ता हाल्न पनि कुनै दिन समस्या परेको छैन र गाँउघर र अन्यत्रबाट महँगो ब्याजको पैसा सापटी पनि लिनु परेको छैन । संस्थाको अर्को आकर्षक सेवा चैं के लाग्यो भने नियमित किस्ता तिर्दा संस्थाले ५ प्रतिशतका दरले दिने ब्याज छुट । प्रत्येक महिना ब्याज छुट पाएको रकम मेरो मासिक बचत खातामा समेत राख्न पाएँ, ऋण लिंदा बचत पनि स्वत हुने हुँदा मेरो बचत गर्ने बानिको पनि विकास भएको छ । आफुलाई व्यवसायिक हिसाबले सफल बनाउन सहयोग गर्ने सामुदायिक संस्थालाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

सबै सहकारीहरु उस्तै हुन्छन् भन्ने भ्रम र आम धारणालाई चिर्दै सामुदायिका सेवा अति उत्तम सावित भएको छ । जन्मेदेखि मृत्युसम्म र औषधि उपचारको सुविधा भएको संस्था हाम्रै गाउँघरमा पाउँदा म लागायत यस टोलका अन्य सदस्यहरुपनि खुसी हुनुहुन्छ । नाम अनुसारको काम संस्थाले गर्नेछ भनी म संस्थको उज्वल भविष्यको कामना समेत गर्दछु ।

# मेरो सहकारी यात्रा



**शम्भुलाल श्रेष्ठ**
**सल्लाहकार**

हाम्रो देश नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएपछि २०४८ सालमा सहकारी ऐन र २०४९ सालमा सहकारी नियमावली लागू भयो । तत्पश्चात नेपालमा सबै वर्गका मानिसहरू सहकारीमा आवद्ध भई आफ्नो सामाजिक तथा आर्थिक उन्नति गर्ने अवसर मिल्यो । जुन समयमा हाम्रो समुदायका मानिसहरुको आर्थिक कारोबारमा पहुँच थिएन र कुनै समस्या आइपर्दा साहु महाजन कहाँ गएर आफ्नो घर, खेत, सुन बन्दकी राखेर पैसा चर्को ब्याजमा सापटी लिएर आफ्नो समस्या समाधान गर्नुपर्थ्यो । यदि भनेको समयमा सापटी फिर्ता गर्न सकिएन भने त्यो धितो राखेको घर, जग्गा वा सुन नै जफत हुन्थ्यो । त्यसको शिकार मेरो आमा पनि पर्नु भएको थियो । आफ्नो गर्जो टार्नको लागि पनौतीका एकजना साहु महाजनसँग आफ्नो सुनको तिलहरी रु.४००/-मा बन्दकी राख्नु भएको रहेछ र समयमा तिर्न नसक्दा त्यो एक तोलाको सुनको तिलहरी नै फिर्ता नदिएको रहेछ।

यो घटनाले हामी जस्ता भर्खरका युवाहरुलाई पनि चोट परेको थियो र आफ्नो समस्या पर्दा आफैले समाधान गर्न के गर्नुपर्ला ? भनेर सोचिरहने गर्थ्यौं । जब सहकारी संस्था खोलेर अलि अलि पैसा जम्मा गरेर आफ्नो समस्या समाधान गर्न सकिन्छ भन्ने थाहा पाइयो । २०५० सालमा पहिलो पटक काठमाडौंको भाटभटेनीमा अड्को पड्को बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको सहकारी शिक्षा शिविरमा भाग लिने अवसर मैले प्राप्त गरें त्यस समयमा म नेपाल रेडक्रस सोसाइटी सामुदायिक विकास परियोजना पनौतीमा भर्खर नियुक्ति लिएर आर्थिक विकास सहायक पदमा कार्यरत थिएँ । त्यस सहकारी शिक्षा शिविरमा भाग लिएपछि सहकारी मार्फत समुदायमा आर्थिक तथा सामाजिक उन्नति गर्न सकिन्छ भन्ने कुरा सिक्यौं । त्यसपछि हामीले गाउँका केही युवाहरुसँग सरसल्लाह गर्यौं र एउटा सहकारी खोल्ने अनि त्यस मार्फत आर्थिक एवं सामाजिक कार्य गर्ने सोच बनायौं र अब कसरी सहकारी संस्था खोल्ने भन्ने अध्ययन गर्न थालियो । त्यहि समयमा धुलिखेलमा ग्रासविस भन्ने संस्था र राष्ट्रिय बचत तथा ऋण सहकारी संघले सहकारी संस्था दर्ता प्रकृया र त्यसका नीति, नियम, कार्य सम्बन्धी जानकारी दिने उद्देश्यले तालिम सञ्चालन हुन लागेको थाहा पाएर म, शम्भुलाल श्रेष्ठ, दिपक थापा र कोपिला परियारले त्यो ५ दिनको तालिम लिएर आयौं ।

त्यसपछि तत्कालै सहकारी संस्थाको दर्ताको लागि विनियम र कार्य योजना तयार केहि साथीहरुसँग मिलेर गर्यौं र २०५१ माघ १४ गतेका दिन टौखाल गा.वि.स.को १ र २ नं. वडाका ४१ जना व्यक्तिहरु भेला भएर सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को स्थापना गर्ने निर्णय गरियो । जसको लागि एक सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति गठन गरियो । मेरो नेतृत्वमा सञ्चालक समिति गठन गरियो जसमा म शम्भुलाल श्रेष्ठ अध्यक्ष, कृष्ण थापा उपाध्यक्ष, पुर्ण कुमार श्रेष्ठ सचिव, मेघराम सापकोटा कोषाध्यक्ष र सञ्चालक सदस्यहरुमा दिपक थापा, रामकुमार थापा, रामलाल श्रेष्ठ, अम्बिका के.सी., अप्सरा चापागाई, प्रतिभा श्रेष्ठ, बबिता श्रेष्ठ, कोपिला परियार रहनु भएको थियो भने लेखा सुपरीवेक्षण समितिमा गंगा प्रसाद सापकोटा संयोजक तथा सदस्यहरुमा हरी केशर चापागाई र सुदर्शन थापा रहनु भएको थियो । यसरी समिति निर्माण गरेर दर्ताको लागि विनियम, कार्य योजना लगायत सम्पुर्ण प्रकृया पेश गरी २०५१ फागुन २८ गतेका दिन विधिवत रुपमा सामुदायिक बचत तथा ऋण सहकारी संस्था डिभिजन सहकारी कार्यालय काभ्रेमा सहकारी ऐन २०४८ अनुसार दर्ता गरियो । संस्थाको दर्ता नं. १५४/२०५१/५२ रहेको छ ।

यसरी संस्था दर्ता त गरियो अब के गर्ने, कसरी गर्ने, कहाँ बसेर गर्ने समस्या भयो । तत्पश्चात मेरो घरमा एउटा कोठा निःशुल्क रुपमा लिएर संस्थाको कार्यालय स्थापना गरी साइनबोर्ड राख्यौं र रु.५००/- परेको काठको दराज एउटा बनाएर कारोबार शुरु गरियो । सुरुमा हामी आफैले सुकुलमा बसेर बिल काटेर आर्थिक कारोबार सुरु गरियो । अनि आर्थिक कारोबार जस्तो कुरा एकजनाबाट मात्र हुनुपर्छ भन्ने सोच आयो र हालका ऋण अधिकृत भक्त बहादुर श्रेष्ठलाई मासिक रु.२००/- खाजा खर्च दिने गरी कर्मचारीको रुपमा नियुक्ती गरी आर्थिक कारोबारको जिम्मा लगाइयो ।

तत्पश्चात समुदायमा हामीले आर्थिक कारोबार मात्र गरेनौं, थुप्रै सामाजिक कार्य गर्न थाल्यौं । जस्तै वृक्षारोपण गर्ने, बाटोघाटो बनाउने, सरसफाई गर्ने प्रौढ कक्षा सञ्चालन गर्ने जस्ता कार्य गर्न थाल्यौं र समुदायको विश्वास जित्न थाल्यौं । सदस्यता वृद्धि, आर्थिक कारोबार वृद्धि हुँदै गयो र जिल्लाकै राम्रो सहकारी संस्थाको रुपमा विकास हुँदै गयो । जसको कारण हामीले UNDP को सर्च नेपाल भन्ने संस्थाको परियोजना संञ्चालन गर्ने पनि

मौका पायौं । त्यस परियोजना सञ्चालनमा विभिन्न आयमुलक शिप सिक्ने/सिकाउने अवसर मिल्यो, जस अन्तर्गत हामीले डल्लो साबुन बनाउने, मैनबत्ती बनाउने, पशुपालन गर्ने, तरकारी खेती गर्ने जस्ता शिपमुलक तालिमहरु दिएर सदस्यहरुलाई शिप विकास गर्ने र आय आर्जन गर्ने अवसरहरु दियौं । त्यसैगरी **PACT Nepal** भन्ने संस्थासँग समन्वय गरेर प्रौढ कक्षा, बाल कक्षाहरु सञ्चालन गरी शैक्षिक जागरण पनि फैलायौं । त्यस परियोजनाहरु संचालन गर्दा केहि पैसा बचायौं र केहि पैसा हामीहरुले चन्दा हालेर एक रोपनी जग्गा खरिद गरी एक तले भवन निर्माण पनि गर्न सफल भयौं ।

यि माथिका विभिन्न क्रियाकलापहरुले गर्दा नै आज सामुदायिक बचत तथा ऋण सहकारी संस्था ४१ जना सदस्यबाट ६१४४० जना शेयर सदस्यहरु र रु.३२५००/- रकमबाट ६ अर्ब ८ करोड १३ लाख २८ हजार २ सय १० रुपैया बराबरको आर्थिक वासलात बनाउन सफल भएका छौं । १ जना कर्मचारीबाट १२५ जना कर्मचारीलाई प्रत्यक्ष रोजगार दिन सफल भएका छौं । संस्थाले सदस्यहरुलाई जन्म देखि मृत्यु सम्मका सेवाहरु प्रदान गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मान तथा पुरस्कारहरु प्राप्त गर्न सफल भएको छ भने आजको अवस्थामा सामुदायिक साकोस बागमती प्रदेश कै सबैभन्दा ठुलो संस्था र नेपाल कै बचत तथा ऋण सहकारी संस्था मध्ये तेश्रो ठुलो संस्था हुन सफल भएको छ । यस संस्थाका नेतृत्वहरु जिल्ला, प्रदेश, केन्द्र हुँदै राष्ट्रिय नेतृत्वमा सम्म पुगेर आफ्नो क्षमता प्रदान गरी सकेको अवस्था छ भने यस संस्थाका २ जना उच्च कर्मचारीले नेपाल कै उत्कृष्ट प्रमुख कार्यकारी अधिकृतको पुरस्कार प्राप्त गर्न सफल भएको छ ।

यसरी सामुदायिक साकोस कै प्रतिनिधि भएर मैले २०५३ देखि २०५६ सम्म जिल्ला बचत संघ काभ्रेको कोषाध्यक्ष अनि २०५६ देखि २०६२ सम्म संघको जिल्ला अध्यक्ष भएर सहकारी अभियानको नेतृत्वदायी भुमिकामा रहने अवसर प्राप्त भयो । यहि समयमा जिल्ला बचत संघ काभ्रेलाई नेपालको नमुना संघ र उत्कृष्ट संघ बनाउन सफल भयौं । त्यति मात्र होइन मेरै नेतृत्व कालमा पहिलो पटक सहकारी महोत्सव २०६२ काभ्रेमा गर्न सफल भयौं भने नेस्कूनको केन्द्रीय साधारण सभा समेत काभ्रेमा सम्पन्न गर्ने मौका पायौं । त्यस बेलादेखि हालसम्म त्यस संघको सल्लाहकारको भूमिकामा रहेको छु । २०५३/५४ मा नेस्कूनले अन्तर लगानी कार्यक्रम शुरु गर्दा अन्तरलगानी उपसमितिको निर्वाचित पहिलो सदस्यको रुपमा काम गर्ने मौका प्राप्त गरे । त्यस्तै २०६६ देखि २०७१ सम्म सहकारी अभियानको शीर्षस्थ निकाय सहकारी महासंघको लेखा सुपरीवेक्षण समितिको सदस्यमा निर्वाचित भएर राष्ट्रिय नेतृत्वको रुपमा आफूलाई देशभर चिनाउन सफलता प्राप्त भयो । त्यसपछि, २०७७ देखि २०८१ सम्म जिल्ला सहकारी संघ काभ्रेको लेखा सुपरीवेक्षण समितिको संयोजक पदमा निर्वाचित भई नेतृत्व गर्ने अवसर मिल्यो । हाल २०८१ असोज १ देखि बागमती प्रदेश सहकारी संघको कोषाध्यक्ष पदको जिम्मेवारी लिई सहकारी अभियानमा नेतृत्वदायी भूमिकामा रहेको छु ।

त्यतिमात्र होइन सहकारी अभियान मार्फत नै सन २००८ मा बंगलादेशको सहकारी अभियान सम्बन्धी अध्ययन भ्रमण, सन २०१० मा दक्षिण कोरियामा सम्पन्न एशियाली ऋण महासंघको साधारण सभामा सहभागिता र कोरीयाली सहकारीको अध्ययन भ्रमण, सन २०१० मा नै भारतको **IFFCO** द्वारा सञ्चालित सहकारी नेतृत्व विकास तालिम र भारतीय सहकारीको अध्ययन भ्रमण अनि सन २०१२ मा बेलायतको मेनचेष्टरमा सम्पन्न अन्तराष्ट्रिय सहकारी महासभामा समेत सहभागी भई विश्वमा सबैभन्दा पहिला सुरु भएको सहकारी बेलायतको रोजडेल सोसाइटी (जुन अहिले म्युजियमको रुपमा राखिएको छ) र स्कटल्याण्डको सहकारी समेत अध्ययन गर्ने मौका पाइयो । त्यसैगरी सन २०१३ मा सिंगापुर र इन्डोनेसियाको सहकारी अभियान समेतको अध्ययन गर्ने अवसर प्राप्त भयो । यसरी विभिन्न देशको सहकारीहरु अध्ययन गर्दा सहकारीले केवल आर्थिक र सामाजिक कार्य मात्र गर्ने होइन रहेछ, सहकारीले त आर्थिक र सामाजिक कार्य संगसंगै उद्योग, व्यवसाय, ठुला बिक्री केन्द्रहरु, विश्व विद्यालय, अस्पतालहरु पनि संचालन गर्न सकिने रहेछ र सहकारी दिगो र सक्षम हुन एकिकरण अभियान चलाउने पर्ने रहेछ भन्ने ज्ञान पनि प्राप्त भयो । त्यसैगरी सहकारी सम्बन्धी विभिन्न प्रशिक्षक प्रशिक्षण प्राप्त गरी सहकारी सम्बन्धी विभिन्न प्रशिक्षण पनि गर्दै आइरहेको छु । विभिन्न सहकारी संघसंस्थाहरुबाट सहकारीका थुप्रै सम्मान, पुरस्कार र अभिनन्दन पत्रहरु प्राप्त गर्ने अवसर मिलेको छ भने २०६६ चैत्र २० को ५३औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग डिभिजन सहकारी कार्यालय काभ्रेपलाञ्चोकबाट उत्कृष्ट सहकारीकर्मीको सम्मान र २०७८ चैत्र २० गते ६५औं राष्ट्रिय सहकारी दिवसको दिन पनौती नगरपालिकाबाट उत्कृष्ट सहकारी अभियान्ताको सम्मान प्राप्त गर्ने अवसर प्राप्त भयो । त्यसैगरी समय समयमा सहकारी सम्बन्धी विभिन्न पत्रपत्रिका, स्मारिका, बुलेटिनहरुमा समेत आफ्नो सहकारी सम्बन्धी लेख रचनाहरु प्रकाशित गर्ने अवसर प्राप्त भएको छ ।

यसरी सामुदायिक बचत तथा ऋण सहकारी संस्था स्थापना गर्न मेरो महत्वपुर्ण योगदान रहयो र सामुदायिक सहकारीको संस्थापक अध्यक्ष तथा १ नं. को शेयर सदस्य भएर सहकारी अभियानमा संलग्न रहँदै र हालसम्म सल्लाहकारको भुमिकामा रहेर आफुले सकेको सल्लाह, सुझाव, योगदान गर्दै आएको छु । र सामुदायिकबाट नै प्रतिनिधित्व गरेर विभिन्न जिल्ला, प्रदेश, केन्द्र र महासंघ सम्म पुगेर सहकारी अभियानमा नेतृत्व गर्ने अवसर प्राप्त भएको छ ।

तसर्थ, सामुदायिक साकोस र मेरो सहकारी जीवन यात्रामा नङ र मासु जस्तै सम्बन्ध रहेको छ र यो सम्बन्ध सदा रहि रहनेछ । जय सहकारी, जय सामुदायिक ।

## ६ राहत कार्यक्रमः

संस्थाले संचालन गरेको राहत कार्यक्रममा २०८२ श्रावणदेखि पौष मसान्तसम्ममा देहाए बमोजिम विभिन्न शिर्षकमा संस्थाले सदस्यहरुलाई राहत सुविधा उपलव्ध गराएको छ ।



# हार्दिक बधाई तथा शुभकामना



यस संस्थाका सल्लाहकार
श्री **उदयराम कायस्थ**
काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को मिति २०८२ पौष १० गते सम्पन्न २८ औं वार्षिक साधारण सभाबाट **अध्यक्ष** पदमा निर्वाचित हुनु भएकोमा उहाँ लगायत निर्वाचित सम्पूर्ण सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना ब्यक्त गर्दछौं ।

अध्यक्ष
मुकुन्द शर्मा एवं

"सवल र सुरक्षित संस्था"
सामुदायिक
बचत तथा ऋण सहकारी संस्था लि.

samudayik
Saving & Credit Co-operative Society Ltd.

# हार्दिक समवेदना

यस संस्थामा आवद्ध भई संस्थाको श्रीवृद्धिमा योगदान पुर्‍याउने हुने तमाम सदस्य जो २०८२ श्रावण १ देखि पौष सम्ममा आफ्नो पञ्चभौतिक शरीरको त्याग गरी ब्रम्हलिन हनुभएको छ, वहाँहरुको असमायिक निधनले संस्था परिवार अन्तन्त स्तब्ध र मर्माहीत भएको छ । यस दु:खद घडीमा दीवंगत हुनुभएका सम्पूर्ण सदस्य महानुभावहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दै उहाँहरुको बैकुण्ठबासको कामना गर्दछौ । साथै, शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी गहिरो समवेदना प्रकट गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| कान्छी माया भोलन तामाङ | पनौती ४ | शारदा वाग्ले | बनेपा १२ | पुष्ट बहादुर कुवंर | पाचंखाल १२ |
| खड्ग बहादुर थापा | पनौती ५ | निकेशकार्की | बनेपा १२ | भिम प्रसाद हुमागाई | पाचखाल ६ |
| अर्जुन बहादुर बस्नेत | पनौती ८ खरिबोट | गिताथापा | बनेपा १२ | खेचर बहादुर विष्ट | नमोबुद्ध १० |
| सानोभाई सार्की | पनौती ८ | नवराज सापकोटा | पनौती ३ वडारे | नन्दकुमारी सार्की | नमोबुद्ध ३ |
| कृष्णलाल श्रेष्ठ | पनौती ११ | सूर्य कुमारी थापा | पनौती २ दारिमबोट | गगादेवी हुमागाई | नमोबुद्ध ८ |
| गोबिन्द बहादुर मगर | रोशी ११ | यमुनाहुमागाई | पनौती २ | विजयता माङ | नमोबुद्ध २ |
| श्याम थापा | पनौती ६ | भद्र कुमारी शाह | पनौती २ | कृष्ण बहादुर लामा | नमोबुद्ध ८ |
| सुर्य माया खड्गी | पनौती७ | केदार प्रसादहुमागाई | बनेपाकाभ्रे | सिता पौडेल | नमोबुद्ध ५ |
| हरिमाई बन्जारा | पनौती ८ | सुजनाखत्री | बनेपा १ उग्रतारा | टंक प्रसाद शर्मा | नमोबुद्ध २ |
| चक्र बहादुर बोगटी | पनौती ६ गैरीगाउ | गोविन्दबहादुर थापा | पनौती | हरि दमाई | नमोबुद् ९ |
| भगवती के.सी | पनौती ८ भिन्नाल | कान्छामान तामाङ | कानपुर ३ | लालचन्द्र पौडेल | नमोबुद्ध ५ |
| भगवान कार्की | पनौती ६ दलिनचोक | सुजना खत्री | पनौती ५(थप) | उद्धव थापा | पनौती ११ ख्याकु |
| त्रिभुवन श्रेष्ठ | पनौती ५ सुब्बागाउ | गणेश कुमारी थापा | बनेपा७ | सम्झना थापा | पनौती ११ ख्याकु |
| मानेश्वरी मानन्धर | पनौती ७ अघाटोल | महारानी श्रेष्ठ | बनेपा १ | पुर्णमान तामाङ | बेथानचोक ६ |
| ज्ञानु नेपाली | पनौती १० | विष्णु प्रसाद | बनेपा ६ | राम बहादुर लामा | पाचखाल ११ |
| रेमबहादुर श्रेष्ठ | बेथानचोक ४ | शिब प्रसाद तिवारी | मण्डनदेउपुर ९ | तोरण बहादुर दनुवार | पाचखाल७ |
| कान्छी कार्की | पनौती ८ मल्पी | बिकास श्रेष्ठ | मण्डनदेउपुर ७ | माईली लामा | पाचंखाल ११ |
| टंक प्रसाद हुमागाई | पनौती १२ छाप | सुनदेवी श्रेष्ठ | मन्डनदेउपुर ७ | राम प्रसाद खनाल | पाचंखाल १२ |
| बुद्धिलाल नापित | पनौती ७ | बाल कुमारी शिबभक्ति | मन्डन ५ | जीत बहादुर तामा+ | पाँचखाल ११ |
| धनकुमारी राउत | पनौती ८ | लक्ष्मी माया मलेपती | रोशी ९ | धन बहादुर तामाङ | पाचखाल ११ |
| डल्लीमिजार | पनौती ८ मल्पी | टेक बहादुर थापा | बेथानचोक ६ | बेद कुमारी कुवर | भुम्लु ४ |
| पदमबहादुर सार्की | पनौती ९ | सोमनाथ तिमल्सिना | बेथानचोक २ | कुल बहादुर श्रेष्ठ | बनेपा ९ |
| दमाई सिंह तामाङ | बेथानचोक ४ | संगिता खड्का शिमिरे | महांकाल ५ | रोहित कुमार श्रेष्ठ | बनेपा ९ |
| लक्ष्मि के.सी. | पनौती ८ | देवमाई तिमल्सीना | बेथानचोक २ | | |

दिगो र सुरक्षित साकोस
सामुदायिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-४, टौखाल, काभ्रे

SECURE AND SUSTAINABLE SACCOS
samudayik
Saving & Credit Co-operative Society Ltd.
Panauti 4, Taukhal Kavre

**सम्पादन**

सरोज कुमार तिमल्सेना
सचिव

मदन बस्नेत
प्रमुख कार्यकारी अधिकृत

श्याम सुन्दर श्रेष्ठ
नायब प्रमुख कार्यकारी अधिकृत

जीवन सत्याल
वरिष्ठ अधिकृत

**संरक्षक**

मुकुन्द शर्मा
अध्यक्ष

**प्रचार प्रसार तथा प्रकाशन उप-समिति**

संयोजक : कौशलराज खड्का
सदस्य : कान्छा प्रधान
सदस्य : श्याम बहादुर लोप्चन